# प्रभाव दैनिक

National Daily



**गर्मी र वर्षाको समयमा खाना खाँदा ध्यान दिऔं ।**

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिंगा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- खाना पकाएपछि सफा पानीले धोएर मात्र खाऔं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारूपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ९ अंक ५९ काठमाडौं बुधबार, ८ असार २०७९ Prabhab National Daily, Tuesday, June 22, 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# तत्काल वाम एकता चाहँदैनन् ओली

एमाले अध्यक्ष ओली वर्तमान गठबन्धन भत्कियोस् भन्ने त चाहन्छन् तर, यसका लागि उनी कुनै सम्भौता गर्न चाहँदैनन् । दाहाल र नेपाललाई प्रधानमन्त्रीको अफर दिने त झन् निकै परको कुरा रहेको एमाले उपमहासचिव ज्ञवालीले सार्वजनिक रूपमा बताइसकेका छन् ।

■ आरके शाही

**काठमाडौं–** नेकपा एमालेका स्थायी कमिटी सदस्य घनश्याम भुसालले १ असारमा एक कार्यक्रम आयोजना गरी वाम एकताको घोषणा गरेर 'माफी सप्ताह' मनाउने प्रस्ताव अघि सारे । आगामी निर्वाचनमा वामपन्थी दलहरू एक भएर जानका लागि यो बाटो अवलम्बन गर्न उनको प्रस्ताव थियो ।


'माफी सप्ताह आयोजना गर्ने कुरा सुन्दा हाँस उठ्दो तर भएको कुरा हो । सत्य निरूपण माफी मिनाहावाला हो । अस्ट्रेलियामा सरी डे मनाइन्छ । गोराका पुर्खाले काला पुर्खामाथि गरेको विभेदका लागि हो,' भुसालले भनेका थिए ।

यो प्रस्ताव भुसालले त्यतिबेला ल्याए, जतिबेला एमालेभित्र उनलाई कारबाहीको कुरा उठिरहेको थियो । अनुशासन आयोगले कारबाहीका लागि सचिवालयलाई सिफारिस गरेको थियो । अर्कोतिर, एमालेबाटै फुटेर बनेको एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफूलाई बालकोटबाट प्रधानमन्त्रीको अफर आएको बताइरहेका थिए ।

स्थानीय निर्वाचनलाई लिएर सत्ता गठबन्धनभित्र असन्तुष्टि बढेको, एमालेभित्र आफू स्वयंलाई कारबाहीको कुरा चलिरहेको समयमा घनश्याम भुसालले वाम एकताको तुरूपमात्र फालेनन्, माफी सप्ताहको प्रस्ताव पनि अघि सारे । त्यतिमात्र होइन उनले संसद् विघटन गरेर गल्ती गरेको स्वीकार गर्नँपर्ने बताएका थिए । उनको भनाइ एमाले अध्यक्ष केपी शर्मा ओलीप्रति लक्षित थियो ।

त्यसको केही दिन पहिले २० जेठमा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि वाम एकता अहिलेको आवश्यकता रहेको बताएका थिए । संसद् बैठकमा सहभागी भएर बाहिरिने क्रममा उनले सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै वाम एकता मुलुककै आवश्यकता रहेको बताएका थिए ।

त्यसको १२ दिनपछि कुनै बेलाका खनालकै अनुयायी भुसालबाट आएको वाम एकताको प्रस्तावले एमालेभित्र मात्र होइन अन्य वाम दलहरूमा पनि



बहस सिर्जना गरेको छ । तर, तत्काल वाम एकता वा गठबन्धनको कुनै सम्भावना भने देखिँदैन । एमाले अध्यक्ष ओली नै तत्काल वाम एकताको पक्षमा छैनन् । उनी तयार नहुञ्जेल यसले सार्थकता पाउने कुरै छैन ।

भुसालले माफी सप्ताहको प्रस्ताव गरेकै भोलिपल्ट २ असारमा काठमाडौंमै आयोजित एक कार्यक्रममा अध्यक्ष ओलीले भुसाललाई लक्षित गर्दै भनेका थिए- समय आएपछि हिसाबकिताब हुन्छ ।

'पार्टी नेतृत्वलाई कसरी बदनाम गर्न सकिन्छ ? कसरी विस्थापित गर्न सकिन्छ ? दानवीकरण गर्न सकिन्छ, अलोकप्रिय बनाउन सकिन्छ । एकथरि मान्छेले ती कामहरू पार्टीभित्र बसेर गरिरहेका छन् । त्यसको समय आउँछ । हिसाबकिताब गरिन्छ,' ओलीले भनेका थिए ।

ओली मात्र होइन, एमालेका शीर्ष तहका कुनै पनि नेता तत्काल वाम एकता/गठबन्धनको पक्षमा छैनन् । एमाले उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव प्रदीप ज्ञवालीले सार्वजनिक रूपमै वाम एकता तत्काल सम्भव नरहेको बताइरहेका छन् ।

ओली आफैंले वाम एकताको पक्ष वा विपक्षमा बोलिसकेका छैनन् । तर, उनले पार्टीका अन्य शीर्ष नेताहरूलाई अहिले एकताको पक्षमा नबोल्न भनिरहेका छन् । उनले एमाले निर्माणमै ध्यान केन्द्रित गर्न, संघीय निर्वाचनसम्म वर्तमान सत्ता गठबन्धन कायमै रहचो भने पनि एक्लै चुनाव लडेर पहिलो पार्टी बन्ने गरी लाग्न नेताहरूलाई (**बाँकी पृष्ठ ५ मा**)

# ११ महिनामा करिब १६ खर्बको व्यापार घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको ११ महिनामा (साउनदेखि जेठसम्म) मुलुकको व्यापार घाटा १६ खर्ब नजिक पुगेको छ । भन्सार विभागले सार्वजनिक गरेको जेठ मसान्तसम्मको तथ्यांकअनुसार ११ महिनाको अवधिमा मुलुकको व्यापार घाटा १५ खर्ब ७७ अर्ब ३८ करोड रूपैयाँ पुगेको हो ।

यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब तीन खर्बले बढी हो । गत आर्थिक वर्षको जेठ मसान्तसम्म १२ खर्ब ६२ अर्ब ११ करोड बराबर व्यापार घाटा रहेको थियो । गत आवको सोही अवधिको तुलनामा चालु आवमा २५ प्रतिशतले व्यापार घाटा बढेको हो । विभागको तथ्यांकअनुसार ११ महिनाको अवधिमा नेपालले १९ खर्ब ४९ अर्ब बराबरको वैदेशिक व्यापार गरेको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कूल वैदेशिक व्यापार २९ दशमलव ५ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा नेपालले १५ खर्ब चार अर्ब ६१ करोड १८ लाख रूपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो ।

### साढे १७ खर्बको आयात

चालु आर्थिक वर्षको पहिलो ११ महिनामा नेपालमा साढे १७ खर्बभन्दा बढीको विदेशी वस्तु आयात भएको छ । विभागको तथ्यांकअनुसार ११ महिनाको अवधिमा १७ खर्ब ६३ अर्ब २२ करोड रूपैयाँ बराबरको विदेशी वस्तु आयात भएको हो । गत आर्थिक वर्षको सोही अवधिमा नेपालले १३ खर्ब ८३ अर्ब ३६ करोड रूपैयाँ बराबरको वस्तु आयात गरेको थियो । गत आवको तुलनामा चालु आवमा २७.५ प्रतिशतले आयात बढेको छ ।

यसैगरी, नेपालबाट चालु आर्थिक वर्षको ११ महिनामा एक खर्ब ८५ अर्ब ८३ करोड रूपैयाँ बराबरको स्वदेशी वस्तु निर्यात भएको छ । गत आवको सोही अवधिमा एक खर्ब २१ अर्ब २५ करोड रूपैयाँ बराबरको निर्यात भएको थियो । गत आवको तुलनामा चालु आवमा ५३.३ प्रतिशतले निर्यातमा वृद्धि भएको छ ।

### साढे २ खर्बको पेट्रोलियम पदार्थको आयात

चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्रै साढे दुई खर्ब बढीको नेपाली रूपैयाँ बाहिरिएको छ । भन्सार विभागको तथ्यांकअनुसार डिजेल, पेट्रोल तथा खाना पकाउने एलपी ग्यासको आयातमा दुई खर्ब ६७ अर्ब २९ करोड ९८ लाख रूपैयाँ नेपाली रूपैयाँ बहिरिएको हो । जसमा सबैभन्दा धेरै डिजेल आयातमा एक खर्ब ४५ अर्ब २१ करोड ९३ लाख, पेट्रोलमा ६२ अर्ब ९१ करोड ९८ लाख र एलपी ग्यासको आयातमा ५९ अर्ब १६ करोड छ लाख रूपैयाँभन्दा बढी बाहिरिएको छ ।

समीक्षा अवधिमा नेपालमा ५३ अर्ब २५ करोड ५१ लाख रूपैयाँ बराबरको पाम आयल, ४८ अर्ब ७८ करोड ४६ लाख रूपैयाँ बराबरको स्टिल आइरन र ३८ अर्ब छ करोड ६९ लाख रूपैयाँभन्दा बढीको मोबाइल आयात भएको छ । यस्तै, उक्त अवधिमा नेपालबाट एक खर्ब ९० अर्ब २३ करोड ८६ लाख रूपैयाँभन्दा बढीको सोयाबिन तेल, ६६ अर्ब ८६ करोड ८९ लाख रूपैयाँभन्दा बढीको पाम आयल निर्यात भएको विभागको तथ्यांकमा उल्लेख छ ।

सन्दर्भ : वैदेशिक रोजगार

# विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** लाखौंको संख्यामा विदेशमा रहेका नेपालीहरूलाई मतदानको अधिकार सुनिश्चित गर्नुपर्ने आवाज उठ्दै आएको छ । विदेशबाटै मतदान गर्न पाउनुपर्ने माग निरन्तर उठाउँदै आए पनि सरकारले अहिलेसम्म त्यस्तो व्यवस्था गर्न सकेको छैन । यद्यपि, राजनीतिक दलका नेतृत्वले विदेशबाट मतदान गर्ने व्यवस्था गर्ने कुरा पटक-पटक बताउने गरेका छन् । सरकारले पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा विदेशबाट मतदानको व्यवस्था गर्ने विषय उल्लेख गरेको छ ।

यसैबीच नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले मंगलबार निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियालाई भेटेरै ध्यानाकर्षण गराएका छन् ।महामन्त्रीद्वयले प्रमुख आयुक्त थपलियालाई विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकारबाट बञ्चित नगर्न सर्वोच्च अदालतले दिएको आदेशको स्मरण गराए । अदालतलेसमेत विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकारको बारेमा आदेश दिइसकेकाले आयोगले पनि सोहीअनुसार निर्णय गनुपर्ने उनीहरूको भनाइ छ ।

कांग्रेसको केन्द्रीय कार्यसमितिमासमेत विदेशमा बसेका नेपाली नागरिकलाई मतदानको अधिकारको व्यवस्था गर्नेबारे निर्णय भइसकेको भन्दै निर्वाचन आयोगले उक्त कार्यको लागि आवश्यक पर्ने ऐन, कानुन निर्माणमा अग्रसरताका लागि विभिन्न राजनीतिक दल र सरकारसँगको सहयोगमा अगाडि बढ्न आग्रह गरिएको महामन्त्री शर्माले जानकारी दिए ।'विदेशमा रहेका ४० लाख नेपालीको नोटमात्र नभएर भोट पनि



प्रयोगमा ल्याउनका लागि हामीले पार्टीका तर्फबाट निर्वाचन आयोगको ध्यानाकर्षण गराएका छौं,' प्रमुख आयुक्त थपलियासँगको भेटपछि उनले भने ।

त्यस्तै अर्का महामन्त्री थापाले निर्वाचन ऐन संशोधन गर्नका लागि छिट्टै संसद्मा ऐन पेस गर्ने तयारी भइरहेको बताए । उनले आयोगलाई आफूहरूले विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलन कार्य अघि बढाउन सुझाव दिएको बताए । 'विदेशमा रहेका नेपालीलाई सकेसम्म प्रत्यक्ष निर्वाचनमा मत हाल्ने व्यवस्था गर्न र त्यसो नभए समानुपातिकतर्फ भएपनि मतदान गर्ने व्यवस्था मिलाउनुपर्छ,' उनले भने ।यसका लागि मिल्नेगरी कानुन बनाउन कांग्रेसले आवश्यक पहल गर्ने महामन्त्री थापाले बताए ।

आयोगले असार १ गतेदेखि देशैभरि मतदाता नामावली संकलन कार्य अगाडि बढाएकाले मतदाता संकलनको क्रममा देखिएको भीडलाई कम गरी सबै स्थानीय तहमा मतदाता नामावली संकलन केन्द्र स्थापना गर्न पनि माग गरेको थापाले बताए ।'काठमाडौंमा रहेका देशभरका मतदाताको नामावली संकलन काठमाडौंबाट गर्न मिल्ने व्यवस्था भएको छ, यो राम्रो कार्य हो, काठमाडौंमा भएको भीडभाडलाई कम गर्न काठमाडौंको अलग्गै र काठमाडौंबाहिरका व्यक्तिको अलग्गै नामावली संकलन गर्ने वातावरण निर्माण गर्न प्रमुख आयुक्तसमक्ष अनुरोध गरिएको छ,' थापाले भने ।

महामन्त्रीद्वयसँगको भेटमा प्रमुख आयुक्त थपलियाले विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था गर्न विद्यमान कानुनले नदिने प्रस्ट पारेको बताइएको छ । यस विषयमा सबै दलसँग आवश्यक छलफल गरेर साझा धारणा बनाएपछि सरकारसँगको परामर्शमा अघि बढ्ने प्रतिक्रिया दिएको आयोगका एक अधिकारीले बताए । विद्यमान कानुनअनुसार विदेशबाट मतदान होइन, मतदाता नामावलीसमेत संकलन गर्न नपाइने आयोगका अधिकारीहरूको भनाइ छ ।उनीहरूको भनाइमा कानुनमा परिवर्तन गरेर पनि छ महिनापछि हुने चुनावमा विदेशमा हुने नेपालीले मतदान गर्न पाइहाल्ने अवस्था हुँदैन ।

सर्वोच्च अदालतले पाँच वर्षअघि नै सरकार र निर्वाचन आयोगलाई विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न आदेश दिएको थियो । तर, अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढाइएको छैन । त्यसका लागि दलीय सहमति र छलफल हुन नसक्दा आयोगले कानुनको आवश्यक मस्यौदासमेत तयार पार्न सकेको छैन ।






भक्तपुर नगरपालिका–४, कुमाले टोलमा माटोले बनाएको आधुनिक ल्याण्ड सेटमा रङ लगाउँदै व्यापारी । *तस्बिरः लक्ष्मी गारु/रासस*

# संघीय शिक्षा ऐन चाँडो ल्याउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले संघीय शिक्षा ऐन चाँडो संसद्मा ल्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले विद्यालय तहका पाठ्यपुस्तक अभाव हुन नदिन पनि पुनः निर्देशन दिएको छ ।

समितिको मंगलबारको बैठकमा शिक्षामन्त्री देवेन्द्र पौडेल, मन्त्रालयका सचिव यादव कोइराला, जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक अनिल झालगायतसँग छलफल गरेपछि सभापति जयपुरी घर्तीले उक्त निर्देशन दिएकी हुन् ।



शैक्षिकसत्र सुरु भइसकेको दुई महिना बितिसक्दा पनि विद्यालय तहका सबै पाठ्यपुस्तक उपलब्ध नभएको विषयमा समितिका सदस्यले सरकार र सम्बन्धित पदाधिकारीको गम्भीर ध्यानाकर्षण गराएका थिए ।

समितिले यसअघि जेठ ११ गतेको बैठकमा वैकल्पिक उपायबाट गरेर भए पनि समयमा पाठ्यपुस्तक उत्पादन र वितरण गर्न तथा सोबारे संघ, प्रदेश र स्थानीय तहका सरकारबीच समन्वय गरी आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तक अभाव हुन नदिन निर्देशन र सुझाव दिएको थियो । हाल कक्षा १ देखि ३ सम्म निजी प्रेस र कक्षा ४ देखि १० सम्म जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएका छन् ।

बैठकमा शिक्षामन्त्री पौडेलले सबै विद्यार्थीको हातमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध होस् भनेर आफूले हरेक दिन जनक शिक्षा केन्द्रमा फलोअप गर्ने गरेको, जिल्ला र विभिन्न पक्षबाट पाठ्यपुस्तक उपलब्धताको स्थितिको विवरण लिएर अभाव भएको पाइएमा सम्बोधनका लागि सम्बन्धित निकायलाई तत्काल भन्ने गरेको अवगत गराएका थिए । उनले निजी क्षेत्रका मुद्रकले सबै कक्षाका पाठ्यपुस्तक छाप्न सक्ने जनाएर अनुमति मागेको भए पनि सरकारी स्वामित्वको जनक शिक्षालाई मेसिन थप गरेर काम दिनु उचित लागेकाले केन्द्रलाई नै मुख्य जिम्मेवारी दिइएको बताए ।

बैठकमा प्रबन्ध सञ्चालक झाले लक्ष्यभन्दा बढी पाठ्यपुस्तक माग भएको र समयमा छपाइ कागज उपलब्ध नहुँदा उत्पादन ढिलाइ भएको र अब लक्ष्यको पाँच प्रतिशत पुस्तक छाप्न बाँकी रहेको जानकारी दिए ।

मन्त्री पौडेलले नयाँ संविधानअनुसार संघीय शिक्षा ऐन र अन्य चार शैक्षिक विधेयकका मस्यौदा तयार गरी अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलगायत निकायमा पठाउँदा समयमा राय तथा समर्थन प्राप्त नभएकाले ती विधेयक संसद्मा पेस गर्न नसकिएको उल्लेख गरे ।

### सांसद्हरूले भने–

# ‘एसपिपी अघि नबढाउने सरकारको निर्णय स्वागतयोग्य’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकाको स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) अघि नबढाउने सरकारको निर्णयको सांसदहरूले स्वागत गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद भीम रावलले नेपाल सरकारले सोमबार एसपिपी अघि नबढाउने निर्णय गरेकोमा धन्यवाद दिँदै प्रधानमन्त्रीले सदनमा यसबारेमा थप स्पष्ट पार्नंपर्ने बताए ।

बैठकमा सांसद सञ्जयकुमार गौतमले केही नेताहरूले उग्रराष्ट्रवादका नाममा संसद्मा के–के बोल्न थालेको बताउँदै यस्ता कुरा जनताले नबुझ्ने भएकाले जनजीविकाका विषयमा आवाज उठाउन आग्रह गरे । उनले किसानलाई समयमै रासायनिक मलको आवश्यक व्यवस्था गर्न, पेट्रोलियम पदार्थको मूल्यवृद्धिले धेरै क्षेत्रमा असर पार्ने बताउँदै यसको समाधानका विकल्पबारेमा सोच्न तथा मौसमी विपद्बाट हुने क्षतिका लागि पूर्वतयारी गर्नसमेत आग्रह गरे ।

सांसद हरिराज अधिकारीले सरकारको एसपिपी अघि नबढाउने निर्णयको स्वागत गर्दै नेपालजस्ता मुलुक कसैको नभएर सबैको हुन सक्ने बताए । साथै, उनले मनसुनी बाढीपहिरोबाट हुनसक्ने क्षतिका बारेमा पूर्वतयारी गर्न सरकारको ध्यानाकर्षण गराए ।



सांसद पार्वतीकुमारी विशङ्खेले माथिल्लो कर्णाली आयोजना १४ वर्षमा पनि अघि नबढेको बताउँदै दैलेखको दुल्लुका जनताले नेपाली सेनाले उपभोग गरेको जग्गाको मुआब्जा हालसम्म नपाएको जानकारी गराइन् । उनले तत्काल मुआब्जा दिलाउन सभामुखमार्फत सरकारसँग माग गरिन् ।

सांसद अनिलकुमार झाले सहरी विकास मन्त्रालयअन्तर्गतको सघन सहरी विकास आयोजना व्यवस्थितरूपमा अघि नबढाएका कारण रौतहटको गौर र ग्रामीण क्षेत्रमा बाढीले जलमग्न हुने अवस्था सिर्जना भएकाले समाधानका लागि सरकारसँग आग्रह गरे । सांसद प्रमोद साहले सरकारले किसानलाई आवश्यक मात्रामा रसायनिक मल प्रदान गर्न नसकेको उल्लेख गर्दै किसानले भारतीय सीमाबाट ल्याएको एक/दुई बोरा मल पनि साइकल, मोटरसाइकलसहित पक्रेर कारबाही गर्ने गरेकोप्रति सरकारको ध्यानाकर्षण गराए ।

सांसद राजेन्द्रप्रसाद लिङ्देनले पेट्रोलियम पदार्थको मूल्य निरन्तर वृद्धि भएका बेला सरकारले विद्युतीय सवारीसाधनमा कर छुट गरेर प्रोत्साहन गर्नंपर्नेमा केही सीमित व्यापारीको स्वार्थमा बजेटमा व्यवस्था ल्याएको भनी आलोचना गरे । साथै, उनले मुलुकमा भएका सबै भ्रष्टाचारका विषयमा छानबिन गर्न आयोग गठनका लागि मागसमेत गरे । सांसद प्रेम सुवालले क्यान्सरजस्ता घातक रोगका राम्रा औषधि स्वदेशमा नहुँदा विदेशमा औषधोपचार गर्न जनता बाध्य भएको बताउँदै स्वास्थ्य बिमा कार्यक्रममा आवश्यक सहयोग नभएकाले जनता मारमा परेको बताए ।

सांसद खगराज अधिकारीले स्वास्थ्यसम्बन्धी हक जनताको मौलिक अधिकार भएको अवस्थामा जनताले सहजरूपमा सेवा लिनका लागि स्वास्थ्य बिमा कार्यक्रम उत्तम भए पनि सरकारले यसलाई पंगु बनाएर निजी क्षेत्रलाई सुम्पिएको आरोप लगाए । सांसद दिव्यमणि राजभण्डारीले एसपिपी अघि नबढाउने नेपाल सरकारको निर्णय स्वागतयोग्य भएको बताउँदै यस निर्णयबाट प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको राष्ट्रप्रेमी छवि बढेको बताए । साथै, आगामी दिनमा पत्राचार गर्दा परराष्ट्रमार्फत मात्र गर्नंपर्ने नेपाल सरकारको निर्णय पनि स्वागत भएको उनले बताए ।

## महिनावारी शिक्षासम्बन्धी सन्दर्भ सामग्री तयार

**काठमाडौं (प्रस)–** नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रको पाठ्यक्रममा आधारित महिनावारी स्वच्छता व्यवस्थापनसम्बन्धी कक्षा ४ देखि १२ सम्मको सन्दर्भ सामग्री तयार भएको छ ।

राष्ट्रिय महिनावारी सञ्जालसँगको सहकार्य र जिआइजेडको सहयोगमा ग्लोबल एक्सन नेपाल (ज्ञान)ले प्रकाशन गरेको सो सामग्री मंगलबार राष्ट्रिय योजना आयोगका सदस्य सलोनी सिंहलगायतको उपस्थितिमा सार्वजनिक भएको छ । आयोगका सदस्य सिंहले कार्यमूलक र तथ्यपरक अनुसन्धानमा आधारित भई परम्परागत एकोहोरोपनालाई अन्त्य गर्ने गरी भएका यस्ता प्रयास आवश्यक भएको बताउँदै ती सामग्री समाजमा परिवर्तनको प्रतीकका रूपमा रहने विश्वास व्यक्त गरे । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव रमा अर्यालले पाठ्यक्रम पद्धतिमा उक्त सामग्री नयाँ इँटा सावित हुने बताइन् ।

सञ्जालका अध्यक्ष गुणराज श्रेष्ठले महिनावारी शिक्षाको बुझाइले किशोरीहरू स्वास्थ्य र शिक्षाका लागि सहजता ल्याउने बताए । प्रकाशित सामग्रीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समन्वयमा मुलुकका सबै विद्यालयमा परीक्षण गराउने लक्ष्य लिइएको ज्ञानका निर्देशक बाबुकाजी श्रेष्ठले बताए । उक्त संस्थाले उक्त सामग्रीको शिक्षण सहयोगी सन्दर्भ सामग्री (शिक्षक निर्देशिका) पनि प्रकाशन गरेको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ८ गते बुधबार (तिथिः नवमी, नक्षत्रः उ.फा., कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | प्रसिद्धि बढ्ने योग छ । |
| **वृष** | प्रसिद्धि बढ्ने योग छ । |
| **मिथुन** | आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । |
| **कर्कट** | अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । |
| **सिंह** | यात्राको लागि समय उत्तम छ । |
| **कन्या** | सवारीसाधनमा सावधानी आवश्यक छ । |
| **तुला** | सन्तुलित आहार लिनुहोला । |
| **वृश्चिक** | मनोवल उच्च रहनेछ । |
| **धनु** | कुनै पनि कार्यमा हतार नगर्नुहोला । |
| **मकर** | धार्मिक कार्यमा सहभागिता बढ्छ । |
| **कुम्भ** | सवारीसाधनमा सावधानी अपनाउनुहोला । |
| **मीन** | स्वास्थ्यमा ध्यान दिनुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ८ गते, २०७९, २२ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | | |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | | |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | | |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | | |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | | |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | | |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | | |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | | |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | | |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | | |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘देउवा सरकार आफ्नै कारणले ढल्दै छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा (एमाले) का प्रभावशाली नेता तथा पूर्वमन्त्री महेश बस्नेतले वर्तमान सरकार र गठबन्धन आफ्नै कारणले ढल्ने दाबी गरेका छन् । बस्नेतले अहिले आफूहरू सरकार परिवर्तन गर्ने र पाँच दलीय गठबन्धन भत्काउने खेलमा नलागेको स्पष्ट पारे ।


मंगलबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उनले वर्तमान सरकारको एक वर्ष पुग्न लागेको उल्लेख गर्दै यो एक वर्षमा सरकारले कुनै राम्रो काम गर्न नसकेको पनि दाबी गरे ।

उनले भने, ‘सरकारको बारेमा गम्भीर समिक्षा गर्न जरुरी छ । यो सरकार जनमतको कारण जन्मिएको होईन, यो परमादेशबाट जन्मिएको सरकार भएकोले यसबाट हामीलाई कुनै आशा र अपेक्षा थिएन ।’

उनले बजेटको अघिल्लो दिन विषय विज्ञका नाममा ठूलो घरानाका मान्छे मन्त्रालय छिरेर करको दर हेरफेर गरेको भन्दै अर्थमन्त्री जनार्दन शर्माले गम्भीर अपराध गरेको आरोप लगाए ।

उनले भने,‘हिजो ओम्नी, यति भन्नेहरू आज मुखमा पट्टी बाँधेर बसेका छन् । बजेट निर्माणको बेला भएको चलखेल अपराधको विषय हो, त्यसमा कमिसनको ठूलो खेल देखिन्छ ।’





एमालेले अर्थमन्त्रीको राजीनामा मागेर सदनमा सशक्त आवाज उठाएको स्मरण गराउँदै उनले मूल्यवृद्धिको विरोधमा आफ्नो पार्टीनिकट विद्यार्थी संगठन आन्दोलनमा उत्रिएको सुनाए । तर, विद्यार्थी आन्दोलनमा सरकार दमनमा उत्रिएको उनको आरोप छ ।

बस्नेतले वर्तमान सरकार बनेपछि मुलुकमा महिला हिंसा व्यापक रूपमा बढेको पनि उल्लेख गरे । उनले संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री प्रेम आलेले नेपाल वायु सेवा निगमका निवर्तमान अध्यक्ष युवराज अधिकारीलाई अश्लील गाली गरेको र दुर्व्यवहार गरेको कुरा बाहिर आउँदापनि पार्टी र प्रधानमन्त्रीले आलेलाई कारबाही गर्न नसकेको गुनासो पोखे ।

बस्नेतले एमालेविहीन राज्यको कल्पना गर्ने कुरामा गठबन्धन लागिपरेको आरोप लगाए । ‘एमाले जनताको मन र मुटुमा रहुञ्जेलसम्म कहिल्यैपनि सकिँदैन् ।’

उनले अहिले पाँच दलीय गठबन्धनभित्र ठूलो समस्या रहेको दाबी गरे । सत्तारूढ दल नेपाली कांग्रेसका प्रभावशाली नेता रामहरि खतिवडाले वर्तमान सरकार संघीय संसद्को निर्वाचनको तयारीमा जुटिसकेको बताएका छन् ।

खतिवडाले मुलुकमा विषम परिस्थिति आईपर्दा जहिल्यैपनि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेर समाधान गरेको स्मरण गराए । यसअघि नेकपाको सरकार हुँदा जनताले दिएको मतअनुसार कांग्रेस पाँच वर्षको लागि नै प्रतिपक्षी भूमिका रहेर काम गर्न तयार थियो भन्ने धारणा राखे । तर, नेकपाको सरकार आफ्नै कारणले ढलेको र पार्टी पनि विभाजन भएको अवस्थामा आफ्नो पार्टीका सभापति शेरबहादुर देउवाले बाध्यताले सरकारको नेतृत्व लिनुपरेको पनि उनले स्मरण गराए । स्थानीय तहको निर्वाचनमा जनताले कांग्रेसलाई पहिलो दल बनाएको उनको भनाइ छ । उनले देउवाले सरकारको नेतृत्व गर्नुपुर्व मुलुकमा कानूनी राज्यनै नभएको आरोप लगाए । उनले आफूहरूले सन्तुलित विदेशी नीतिलाई बढावा दिएको जिकिर गरे । उनले वर्तमान सरकारले भारत र चीन दुवैसँग सुमधुर सम्बन्ध कायम गरेको पनि दाबी गरे । उनले वर्तमान सरकारले राम्रो काम गरेको पनि जिकिर गरे ।

उनले एसपीपी ओली सरकारकै पालामा भएको थियो भन्ने कुरा प्रमाणित भएको सुनाए । तर, वर्तमान सरकारले एसपिपीबारे अब कुनैपनि अन्यौल नराखेको र मन्त्रिपरिषद् बैठकले एसपिपी अस्विकार गर्ने भनेर अमेरिकालाई पत्राचार गर्ने निर्णयपनि गरिसकेको खतिवडाले उल्लेख गरे । सरकारले ज्येष्ठ नागरिकलाई भत्ता दिने निर्णय गरेको र विभिन्न जटिल रोग लागेकहरूलाई पनि पाँच हजार रूपैयाँ दिने निर्णय गरेको उनको भनाइ छ ।

# पञ्चा सिंहलाई पदमुक्त गरी विशेष राष्ट्रिय महाधिवेशन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)को असन्तुष्ट पक्षले अध्यक्ष पञ्चा सिंहलाई तत्काल पदमुक्त गर्न पार्टी नेतृत्वसमक्ष माग गरेको छ ।

संगठनभित्रको विवादबारे स्पष्ट पार्न मंगलबार पत्रकार सम्मेलन गर्दै उपाध्यक्ष पवन कार्की समूहले अध्यक्ष सिंहलाई पदमुक्त गर्न र उनले गठन गरेका सबै समिति खारेज गरी विशेष राष्ट्रिय महाधिवेशनको माग गरेको हो ।

कार्की समुहले अध्यक्ष सिंहलाई तत्काल पदमुक्त गर्दै विद्यमान अवैधानिक समिति खारेज गरी अविलम्ब विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्न सम्बन्धित पक्षसँग माग गरेको हो । उनीहरूले यस विषयमा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, स्थायी कमिटीको सदस्यहरूसँग पनि आफुहरूको माग पुर्‍याइसकेको जानकारी दिएका हुन् ।

संगठनका केन्द्रीय उपाध्यक्ष पवन कार्कीले सोचेको जति विद्यार्थी आन्दोलनले आजसम्म उपलब्धी हासिल गर्न नसकेको स्वीकार गर्दै विद्यार्थीको हकहितको लागि काम गर्नुपर्ने अखिल (क्रान्तिकारी) आफ्नै संगठनभित्रको समस्यामा रुमलिएको गुनासो पोखेका छन् ।

जनता बाँच्न नसक्नेगरि बढेको महंगी र मुल्यवृद्धिका विषय उठान गर्नुपर्ने संगठन नै आज अराजक गतिविधिमा रुमलिएको भन्दै उनले तत्काल अहिले भएको अवैधानिक निर्णयहरू खारेज गर्नुपर्ने बताए । लामो समयदेखि आफ्नो संगठनमा समस्या आइरहेको भन्दै आज अध्यक्ष पञ्चा सिंहको




कारण झन् अप्ठ्यारोमा परेको सुनाए ।

२२औं राष्ट्रिय सम्मेलन गत वर्ष असोज १४ देखि १८ सम्म बबलरमहलमा सम्पन्न भएको जानकारी दिँदै उक्त सम्मेलनले अध्यक्षमा पञ्चा सिंहलाई मात्र जबरजस्ती निर्वाचित गरेको स्मरण गराए । उनले संगठनभित्र समस्याको सुरुवात २२ औं सम्मेलनबाट भएको र तेस्रो विस्तारित बैठकबाट भने सबै विवाद र लफडा छताछुल्ल भएको बताए ।

संगठनको २२औं सम्मेलनले एउटा अध्यक्ष निर्वाचित गरेर कुनै पदाधिकारी तोक्न नसकेकोमा आक्रोस पोख्दै उनले त्यतिबेला जबरजस्ती विधानविपरित कमिटी घोषणा गरेको बताए । महाधिवेशन प्रतिनिधिहरूले आफुहरूबाटै नेतृत्व चयन गर्ने अवसर प्रदान गर्न माग गर्दा उनीहरूको आवाज नै नसुनिएको उनको गुनासो छ । पछि अध्यक्ष सिंहले अवैधानिक रूपमा सामाजिक सञ्जाल फेसबुकमार्फत केन्द्रीय कमिटी घोषणा गरेको उनले आरोप लगाए ।

केन्द्रीय सदस्य बालकुमार केसीले संगठनले आयोजना गरेको २२औं राष्ट्रिय सम्मेलनको क्रममा बन्दसत्रको क्रममा समस्याको सुरुवात भएको विषयको जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गरिएको स्पष्ट पारेका छन् ।

अध्यक्ष सिंहले ३० वर्षदेखि लागेका विद्यार्थी नेताहरूलाई संगठनका नेतृत्वमा बर्जित गरेर तानाशाही व्यवहार देखाएको केसीको आरोप छ ।

संगठनका पदाधिकारीहरूले राखेका जायज माग सम्बोधन नगरेर अध्यक्ष सिंहले उल्टै कारबाही गरेकोमा पनि उनले आक्रोस पोखे । उनले अध्यक्ष सिंहको नेतृत्वको टोलीले हल खाली गरेर साथीहरू पिटाएको र संगठनलाई अराजक गुण्डागर्दी शैलीमा लगेको आरोप लगाए ।

# योग दिवसमा निःशुल्क शिविर सञ्चालन

**काठमाडौं (प्रस)–** आचार्य स्वामी ध्रुवले आठौं योग दिवसको अवसरमा निःशुल्क ध्यान/योग शिविर सञ्चालन गरेका छन् । सानेपास्थित स्टार अस्पतालको सभाहलमा सञ्चालित उक्त शिविरमा अस्पतालका अध्यक्ष किशोर महर्जनलगायत ४० जनाको सहभागिता थियो ।

योग दिवसकै अवसरमा नाइटिंगेल विद्यालय सानेपाका ३०० विद्यार्थीहरूका लागि निःशुल्क शिविर सञ्चालन गरिएको जानकारी दिइएको छ । शिविरमा ध्यान/योग र प्राणायाम गराइएको थियो ।

‘वर्तमान अस्तव्यस्त समाजमा सुखी र स्वस्थ जीवनका लागि हामी सबैले सबैभन्दा पहिला सन्तुलित आहार र सन्तुलत जीवनशैली अपनाउनुपर्छ,’ स्वामी ध्रुवले भने, ‘यसको साथ ध्यान/योग पनि गर्नुपर्छ ।’ कार्यक्रमको आयोजना सृष्टि साधना केन्द्रले गरेको उनले बताए ।

# नाटकीय अपहरणमा २० लाख फिरौती माग्ने पक्राउ

**काठमाडौं (प्रस)–** नाटकीय अपहरणको नाममा २० लाख फिरौती माग गरेको अभियोगमा ललितपुर ईमाडोल डेरा गरी बस्ने सप्तरी राजगढ गाउँपालिका–३ ठेगाना भएका ३१ वर्षीय कृष्णकुमार शर्मालाई आइतबार प्रहरीले पक्राउ गरेको छ । आइएमईबाट रकम पठाउन भन्दै गत बुधबार डेरा कोठाबाट निस्केका कृष्ण कुमार मोबाईल स्वीच अफ भई सम्पर्क विहिन भएको र खोजी गर्दा फेला नपरेको भनि प्रहरी वृत्त सातदोबाटोमा निवेदन दिएकोमा निजले प्रयोग गर्ने सामाजिक सञ्जाल ईमोबाट कृष्ण कुमार अपहरणमा परेको र २० लाख फिरौती दिए अपहरण मुक्त गरिदिने र घटनाबारे प्रहरीलाई खबर गरेमा वा २ दिनभित्र मागेको रकम नदिएमा ज्यान मार्ने धम्की पूर्ण म्यासेज र अपहरण परेको भिडियो बनाइ डरत्रास देखाइएको थियो । घटनाको जानकारी पश्चात काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्दै जाँदा आफ्नो घर परिवारलाई डरत्रास देखाई दबाब दिन आफूलाई अपहरण गरेको म्यासेज तथा भिडियो आफ्नो परिवारलाई पठाई कृष्ण कुमारले नै नाटकीय अपहरण गरेको म्यासेज तथा भिडियो बनाएको खुल्न आएपछि जिल्ला प्रहरी कार्यालय मोरङसँगको समन्वयमा विराटनगरबाट उनलाई पक्राउ गरेको हो ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOS MEWAH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/07 | LT. No. 265389 | चलानी नं. ६०१८१४३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Workers | 11 | 0 | 1500 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLORIDA GULF CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०७८/०९/२० | पुन विज्ञापन स्वीकृति मिति: २०७९/03/06 | LT No. 255491 | चलानी नं.६०१७२००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 36 | 0 | 100 | ३४,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा असार १५ गते (29th June. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 255491 मिति: २०७९/०३/०६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले पुन आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**SUGAM OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ८३८/०६६/०६७

Tokha-10 Samakhusi, (Ring Road) Kathmandu, Nepal
Tel: +977-01-4987183, 4986106, Fax: +977-1-4364366 E-mail: hr.sugamovs20@gmail.com, info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np

## बहराईन/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE SWIMMING CRAB FACTORY FOR PRESERVING FISH

पूर्व स्वीकृति मिति : २०७९/02/30 | LT No. 264742 | चलानी नं.६०१८०८६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 20 | 0 | 100 | ३४,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF TECHNICAL FACTORY

पूर्व स्वीकृति मिति : २०७९/03/05 | LT No. 265417 | चलानी नं.६०१८१४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 1 | 0 | 1500 | ४९,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा असार १५ गते (29th June. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUGAM OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ८३८/०६६/०६७

Tokha-10 Samakhusi, (Ring Road) Kathmandu, Nepal
Tel: +977-01-4987183, 4986106, Fax: +977-1-4364366 E-mail: hr.sugamovs20@gmail.com, info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/03/07 | LT. No. 258687 | चलानी नं. ६०१७५११९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ५६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 10 | 10 | 120 | ४८,७८५ | | | | | | | |
| 3 | Housekeping Attendan | 10 | 10 | 100 | ४०,६५५ | | | | | | | |
| 4 | Kitchen Steward. | 20 | 0 | 100 | ४०,६५५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४०,६५५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८१,३१० | | | | | | | |
| 7 | Waiter/waitress | 10 | 10 | 120 | ४८,७८५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal. Tel No: 4610716, Phone: 9813327241, 9741877355, 9851107202, 9841359033
Email: supremeovs@yahoo.com, receptionsupreme123@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महँगी नियन्त्रण गर

एक वर्षमा पेट्रोलियम पदार्थको मूल्य ६४ प्रतिशतभन्दा धेरैले वृद्धि भएको छ । अघिल्लो वर्ष असार ९ गते नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्दा पेट्रोल प्रतिलिटर १२७ रूपैयाँ कायम गरेको थियो । निगमले डिजेल/मट्टितेल प्रतिलिटर ११०, खाना पकाउने एलपी ग्यास प्रतिसिलिण्डर एक हजार ४०० रूपैयाँ कायम गरेको थियो ।

त्यसपछि निरन्तर उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य आज पर्यन्त रोकिएको छैन । इन्धनको मूल्य एक वर्षको अवधिमा झण्डै दोब्बरको स्थितिमा पुगेको छ । यसबीचमा १४ पटक मूल्य बढाउँदा दुई पटकमात्र घटाइएको थियो ।

पछिल्लोपटक निगमले आइतबार रातिदेखि फेरि मूल्यवृद्धि गरेको छ । यसपटक भारी मात्रामा मूल्यवृद्धि भएको छ । निगमले पेट्रोलमा प्रतिलिटर २१ रूपैयाँ बढाएर लिटरको १९९ पुऱ्याएको छ भने डिजेल/मट्टितेलमा २७ रूपैयाँ बढाएर प्रतिलिटर १९२ पुऱ्याएको छ । खाना पकाउने एलपी ग्यासको मूल्य भने यसअघिकै अर्थात् प्रतिसिलिण्डर एक हजार ८०० रूपैयाँ नै कामय गरिएको छ ।

निगमले हवाई इन्धनमा पनि मूल्य बढाएको छ । जसअनुसार आन्तरिकतर्फ १९ रूपैयाँले वृद्धि गरी १८५ रूपैयाँ प्रतिलिटर पुऱ्याएको छ । हवाई इन्धनको बाहृयतर्फ भने १०० अमेरिकी डलरले मूल्यवृद्धि गरिएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै सार्वजनिक यातायातको भाडा बढाइएको छ । यातायात व्यवस्था विभागले अन्तरप्रदेश यात्रुबाहक तथा मालबाहक गाडीमा ७.७ प्रतिशतसम्म भाडा बढाएको छ । यात्रुवाहक सार्वजनिक सवारीसाधनमा ५.३० प्रतिशतले भाडा बढाइएको छ । त्यस्तै, पहाडी बाटोमा सञ्चालन हुने मालबाहक सवारीमा ६.९४ तथा तराईको बाटोमा चल्ने मालबाहक सवारीमा ७.७ प्रतिशतले भाडा बढाइएको विभागले सोमबार सूचना जारी गरी जानकारी दिएको छ ।

यस्तै, हवाई यातायात (आन्तरिक)को भाडासमेत बढेको छ । वायु सेवा सञ्चालक संघले बुधबारदेखि लागू हुनेगरी हवाई भाडा बढाएको हो । बढेको दरअनुसार सबैभन्दा धेरै काठमाडौं–धनगढी रुटको भाडा १६ हजार ८०५ रूपैयाँ पुगेको छ । यस्तै, काठमाडौं–नेपालगञ्ज रुटको १३ हजार ८१५ रूपैयाँ पुगेको छ ।

काठमाडौंदेखि माउन्टेन फ्लाइटको भाडा १४ हजार ७२० रूपैयाँ पुगेको छ । आयल निगमले सोमबारदेखि पेट्रोलिय पदार्थको मूल्य बढाएको हो । जसअनुसार हवाई इन्धन (आन्तरिक)को मूल्य १९ रूपैयाँले बढेर प्रतिलिटर १८५ रूपैयाँ पुगेको छ ।

इन्धनको मूल्य बढ्नु भनेको यसका उपभोक्ता मात्र मारमा पर्नु होइन, यसले सिंगो अर्थतन्त्रलाई असर गर्छ । हरेक नागरिकको दैनिकीमा प्रत्यक्ष असर गर्छ । इन्धनको मूल्य बढ्दा दैनिक उपभोग्य वस्तुमा पनि मूल्य बढ्छ । यसै त अहिले पनि दैनिक उपभोग्य वस्तुमा चर्को मूल्य तिर्न बाध्य भइरहेका उपभोक्ता सरकारको यो निर्णयबाट थप मारमा पर्ने निश्चित छ । न्यून आय भएका, दैनिक मजदुरी गरी गुजारा चलाउने मानिसका लागि झनै कठिन हुनेछन् आगामी दिनहरू । जसले उनीहरूको दैनिकी कष्टकर मात्र होइन, बाँच्नै मुस्किल हुनेछ ।

सरकार भनेको जनताको अभिभावक हो । जनताका समस्यालाई सरकारले उचित सम्बोधन गर्ने, जनताको दैनिकीलाई सहज, सरल र सुविधायुक्त बनाउने दायित्व सरकारको हो । नेपालको संविधान गास, बास र कपासलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । तसर्थ, सरकारले अब महँगी नियन्त्रणमा पहिलो प्राथमिकता दिनुपर्छ । नागरिकलाई चारैतिरबाट अप्ठ्यारोमा पारेर सरकार कुनै पनि हालतमा हाइसञ्चोसहित बस्न मिल्दैन । तुरुन्त महँगी नियन्त्रण गर्नुपर्छ ।

# गरिखाने जनतामाथि सरकारको अत्याचार



▸▸ रोशन कार्की

भनिन्छ, सरकार गरिब जनता त्यसमा पनि ज्यालादारी गरी दैनिक काम गरेर जीवन चलाउँदै आएकाहरूको साहारा हो । तर,सत्ताको नेतृत्व जो जसले लिएपनि त्यो अनुभव जनताले गर्न पाएका छैनन् । जनता सरकारकै रवैयाका कारण पीडित बन्दै आएको छ । कहिले सत्ता हत्याउन गरिने बन्द हडताल त कहिले अत्यधिकमात्रामा गरिने मूल्यवृद्धिबाट । अहिले बन्द हडताल केही रोकिएको भएपनि प्रत्यक्ष रूपमा जनताको ढाँडमा महँगी र मूल्यवृद्धि गरेर सेक्दै आएको छ सरकार । अनावश्यक थोपरिएका करहरूमा कुनै पुनर्विचार नगरी सरकारले खालि एकोहोरो रूपमा एकपछि अर्को 'कीर्तिमान' राख्दै सातामा तीन पटकसम्म इन्धनको मूल्य बढाएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले यसलाई अझ निरन्तरता दिने देखिन्छ ।

पछिल्लो समय एक साताको अन्तरमै पेट्रोल, डिजेल र मट्टितेलमा दोहोऱ्याएर नेपाल आयल निगमलाई छ रूपैयाँमूल्य बढ्दा उपभोक्तालाई निगमका सञ्चालकहरूले डिजल/पेट्रोलमा २१-२७ रूपैयाँ बढायो । यसरी अन्धाधुन्ध निगमभित्र भएको अनियमितता, चुहावट र तस्करी कार्यलाई नियन्त्रण नगर्ने तर स्थापनाकालदेखि संस्था घाटामा गएको नक्कली विवरण सार्वजनिक गर्दै घाटाको परिपूर्ति उपभोक्ताबाट गर्ने प्रचलनकै कारण सरकारले भ्रष्टाचार गर्न निगमका सञ्चालक समितिलाई वैधानिक लाइसेन्स नै दिएको प्रस्ट भयो ।खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर २००रूपैयाँ बढाएर १८ सय रूपैयाँ पुऱ्याई सरकारले इन्धन मूल्यको नयाँ शिखर बनाएर चढ्दै गयो । जहाँ जनताको रगतमा होली खेली मस्तसँग बस्दै आयो ।

नागरिकलाई सरकारले सहुलियत होइन, बजार भाउमा चौतर्फी असर पर्ने गरी इन्धनको महँगी उपहार दियो । सरकारको यो पारा देख्दा लाग्छ, ऊ साधारणजनको सुखदुःखको साथी तथा सेवक नभई नाफाखोर भ्रष्टाचारी व्यापारीको हो । जनतालाई पर्ने मर्काको कुनै सोचविचार नगरी ऊ केवल आफ्नो नाफा-घाटामा मात्र केन्द्रित भएर अन्तर ाष्ट्रिय बजारको बहानामा इन्धनको मूल्य बढाइरहेको छ ।

पहिलेपेट्रोलियम पदार्थको भाउ बढाउँदा सरकारले भारततर्फको महँगो बजारलाई एउटा कारण देखाउँदै आएको थियो । तस्करीबाट जोगिन मूल्य बढाइएको भन्दै जनताको रगतमा होली खेल्दै आएको थियो । तस्करी रोक्न नसकेर मूल्य बढाउनुपरेको उक्त जवाफ आफैंमा गैरजिम्मेवार अभिव्यक्ति थियो । अहिले त भारतले कर (एक्साइज ड्युटी) कम गरेर इन्धन-मूल्य घटाएको भोलिपल्टै नेपालमा इन्धनमा विनाअनुसन्धान मूल्य बढाउँदै आयो । अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ भारतलाई चाहिँ नबढेको होइन, तर जनताप्रतिको उत्तरदायित्व महसुस गरी त्यहाँको सरकारले कर कम गरेपछि इन्धनको मूल्य घटाउँदै आयो ।

तर नेपालमा अन्तर्राष्ट्रिय रूपमै भाउ वृद्धि भएको भन्दै एकोहोरो बढाउँदै आयो । गत वर्ष असार अन्तिमतिर पेट्रोल प्रतिलिटर १२८, डिजेल र मट्टितेल १११, ग्यास प्रतिसिलिण्डरएक हजार ४२५ रूपैयाँ रहेको थियो । सो समयमा जनताको जीवनस्तर सुधार्न तथा आयआर्जन वृद्धि गर्न सिन्कोसम्म सरकारले भाँच्ने काम गरेन । बरू निस्फिक्री बढिरहेको बजार-महँगी रोक्ने उपाय खोज्नेभन्दा पनि बढाउँदै मस्त निद्रामा सरकार सुत्यो । उल्टो इन्धन करमा पुनर्विचार नगरी भाउमात्र बढाउँदै आयो । यसरी महँगीलाई आकाश छुवाउने नै मार्गप्रशस्त गरिदिँदै जनताप्रति गैरजिम्मेवारीको चरम नमूनाको रूपमा प्रस्तुत भयो सरकार । सरकारी गाडीमा चढ्ने तथा राज्यसुविधा भोगविलास गर्नेहरूले गरिखाने साधारणजनप्रति प्रदर्शन गरेको हदैसम्मको असंवेदनशीलताको द्योतक हो ।

स्थानीय तहको चुनाव सकिएलगत्तै ठूलो मात्रामा तीन पटक गरिएको यो मूल्यवृद्धिले जनताप्रति सरकार उत्तरदायी नभएको प्रस्ट हुन्छ ।सरकारका लागि जनता फगत मतदाताबाहेक कोही होइनन्, र उनीहरूप्रति सरकार अलिकति पनि उत्तरदायी बनेको छैन ।इण्डियन आयल कर्पोरेसन (आइओसी)ले पठाएको नयाँ मूल्यसूचीअनुसार इन्धनको मूल्य बढाइएको भन्ने निगमको भनाइ आफैंमा असत्य होइन, तरसत्यको पाटो त्यतिमात्र छैन ।सरकारले उपयोगमा नआएका करहरू हटाउन तथा कम गर्न कुनै कदम चाल्न चाहेको छैन । आइओसीबाट प्रतिलिटर ११७ रूपैयाँ १८ पैसामा खरिद गरेको पेट्रोलमा प्रतिलिटर ६३ रूपैयाँ २३ पैसा, १३४ रूपैयाँ ५४ पैसामा किनिएको डिजेलमा ४५ रूपैयाँ ९१ पैसा कर/शुल्क थपेर बिक्री गर्दा पनि निगम कसरी घाटामा गयो ।

त्यसतर्फ सम्बन्धित सरकारी निकायबाट किन छानबिन हुँदैन । त्यसमा ढुवानी भाडा, निगमको प्रशासनिक खर्च, बिमा खर्च, निगमको प्राविधिक नोक्सानी, बिक्रेता कमिसन जोडेर उपभोक्तामाथि थप भार थोपरेर असुली गरेको रकम कहाँ र कसरी खर्च भयो, त्यसतर्फ सरकारको कुनै ध्यान गएको छैन । इन्धनको मूल्य बढेलगत्तै सार्वजनिक सवारीदेखि ढुवानी भाडासम्म बढ्यो । उपभोग्यलगायतका सबै सामग्रीको मूल्य अकासियो । यसबाट प्रताडित हुने भनेका उनै न्यून आय भएका दीनहीन नागरिकहरू हुन् ।त्यसैले उनीहरूप्रति संवेदनशील भई सरकारले इन्धनमा लगाइएको अचाक्ली करमा पुनरवलोकन गर्न भने हिचकिचाउँदै आइरहेको छ । पूर्वाधार करभन्दै लगाएको १० प्रतिशत घटाएको भनेपनि त्योभन्दाबढीले मूल्यवृद्धि गर्दै सरकारले जनता आहत थप्ने काम गरेको छ ।

अहिले इन्धनमा भन्सार महसुल, सडक मर्मत-सम्भार शुल्क, प्रदूषण शुल्क, मूल्य अभिवृद्धि कर (भ्याट) मूल्य स्थिरीकरण कोषलगायतका शीर्षकमा शुल्क उठाउँदै आएको छ । यीमध्ये भन्सार महसुल र भ्याटले राज्य सञ्चालन र केही विकासनिर्माण कार्यमा सघाउ पुगेको देखिएपनि अन्य शीर्षकका करहरू सदुपयोगविहीन रहेका छन् । बूढीगण्डकी जलविद्युत् परियोजनाका नाममा उठाइएको करिब पौने एकखर्ब रूपैयाँ सरकारी कोषमा त्यसै थन्किएर बसेको । न परियोजना बन्ने टुंगो छ, न यसबाट अरू पूर्वाधारको विकास भएको छ ।

सडक मर्मत र प्रदूषण नियन्त्रणको हविगत पनि उस्तै छ । सरकारले यस्तो प्रयोजनविहीन कर लिनु भनेको जनतामाथिको चरम दोहनबाहेक अरू केही होइन । सरकारले उपयोगमा आउन नसकेको अनुचित कर खारेज गरेर महँगीपीडित जनतालाई राहत दिनुपर्नेमा त्यसो गर्न चाहेको छैन । निगमल घाटामा गएको विवरण देखाउँदै उपभोक्ताबाट मनग्य रकम असुली गर्दा पनि नाफामा जान नसक्नु कसको दोष हो, उपभोक्ताको हो या निगमका कर्मचारीको । अनुसन्धानसमेत नगरी उपभोक्ताको ढाँड सेक्ने गरी भारीमात्रामा मूल्यवृद्धि गर्दै आएको निमगले प्रतिलिटर ६८ रूपैयाँ अतिरिक्त रूपैयाँउपभोक्ताबाट असुली गर्दै आएको छ ।सो रकम विभिन्न शीर्षक उपशीर्षकमा देखाउँदै कमिसनका रूपमा भागबण्डा गरिँदै आएको छ ।

निगमले भारतबाट किनेको एक लिटर पेट्रोल नेपाली बजारमा ल्याएर घाटा नखाई बिक्री गर्दा लिटरमै उपभोक्ताले ६८ रूपैयाँ अतिरिक्त पैसा तिर्दै आएको छ । तर, निगमले अहिले पेट्रोलमा १३ रूपैयाँ ५८ पैसा घाटा खाएको विवरण सार्वजनिक गरेर मूल्यवृद्धि गर्दै आएको छ । निगमको कार्यकारी निर्देशकका रूपमा दलीय आशीर्वाद लिँदै नियुक्त भएका उमेशप्रसाद थानी पनि अधिक बक्यौता र घाटा निरन्तर बढेपछि मूल्यवृद्धि गर्नुको विकल्प नभएको भन्दै रुँदै आएका छन् । मानौंथानीको काम घाटा भयो त्यसको परिपूर्ति उपभोक्ताबाट गरेर आफूलाई कमिसन लिनेमात्र काम हो भन्ने मात्र लागेछ । सो पदको जिम्मेवारी लिएपछि मूल्य कम गर्ने, चुहावट, अनियमितालाई कसरी रोक्ने भन्नेबारेमा थानीको कुनै ध्यान गएको छैन ।

उनको ध्यान मात्र कमिसन लिँदै पदबाट बाहिरिँदा करोडौ रूपैयाँ कुम्ल्याउने योजनामा मात्र रहेको देखिएको । जुन उनको गैरजिम्मेवारीपूर्ण कामलाई उद्योगमन्त्री दिलेन्द्र बडूले समर्थन गर्दै मूल्यवृद्धि गर्नुको विकल्प नभएको भन्दै बचाऊ गर्नुले पनि निगमभित्र कति भ्रष्टाचार भएको छ भन्ने अनुमान सीधै लगाउन सकिन्छ । यही गैरजिम्मेवारीकै कारण उपभोक्ताले इण्डियन आयल कर्पोरेसनलाई तिर्ने मूल्यभन्दा नेपाल आयल निगमले निकालेको लागत मूल्य ६८ रूपैयाँआठ पैसा बढी बुझाउँदै आएको छ ।

> **स्थानीय तहको चुनाव सकिएलगत्तै ठूलो मात्रामा तीन पटक गरिएको यो मूल्यवृद्धिले जनताप्रति सरकार उत्तरदायी नभएको प्रस्ट हुन्छ । सरकारका लागि जनता फगत मतदाताबाहेक कोही होइनन्, र उनीहरूप्रति सरकार अलिकति पनि उत्तरदायी बनेको छैन ।आइओसीले पठाएको नयाँ मूल्यसूचीअनुसार इन्धनको मूल्य बढाइएको भन्ने निगमको भनाइ आफैंमा असत्य होइन, तरसत्यको पाटो त्यतिमात्र छैन ।**

डिजेलमा ६७ रूपैयाँ, मट्टितेलमा ७१ रूपैयाँ बढी तिर्दै आएको छ । एकातर्फ घाटामा गएको देखाउँदै आएको निगमको सञ्चालक समितिले लिने सुविधामा भने कटौती गर्न चाहेको छैन। सञ्चालक समितिकै मिलिमतोमा व्यवसायीदेखि विभिन्न शीर्षकमा अनुपात्दक क्षेत्रमा मासिक रूपमा ठूलो परिमाणमा कमिसन बाँड्दै आएको छ । वैधानिकरूपमा निगम र नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसियसनका नाममा अधिकृत बिक्रेताको सूचीमा कमिसन दिँदै आएको छ । नेपालमा पेट्रोलियम पदार्थको मूल्य शृंखलामा सबैभन्दा बढी अनुचित लूट गर्नेहरूको सूचीमा पेट्रोल पम्प मालिक, ढुवानीकर्ता, सरकारी कर र आयल निगमको अनुचित खर्चको भारसमेत उपभोक्ताले व्यहोर्दै आएका छन् ।

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ ।

**क्रमशः**

## पत्र–मञ्जुषा

# कर घटाऊ भन्ने सांसदले तलबभत्ता लिन छाड्नू्

सरकारले बढाएको इन्धनको मूल्य फिर्ता लिनुपर्छ भनेर यतिखेर सडकमा चर्को नाराबाजी भइरहेको छ । उपभोक्तावादी र विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनहरू 'मूल्यवृद्धि फिर्ता गर' भन्दै विरोध प्रदर्शन गरिरहेका छन् । यसअघि पनि पटक-पटक इन्धनको मूल्य बढेको थियो । त्यतिखेर पनि उनीहरू यसरी नै नाटकी संघर्षमा उत्रिएका थिए । दिउँसो जनताको नाम लिएर सडकमा उत्रिन्छन् । हुँदो न खाँदोको आन्दोलन गर्छन् । यता, कमिसनको चलखेल मिल्नेबित्तिकै गुमसुम भइहाल्छन् । विद्यार्थी संगठनले आन्दोलन गरेर इन्धनको मूल्य घटेको छ ? उनीहरूले जति नै विरोध गरे पनि जनताले सस्तोमा इन्धन पाएका होइनन् । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको भाउ बढाउँदा जनताको ढाड सेकिएको छ ।

तर, यसलाई नै उपभोक्तावादी र विद्यार्थी संगठनहरूले आफ्नो कमाइखाने भाँडो बनाएका छन् । एकातिर कमिसन पाइने अर्कोतिर सञ्चारमाध्यममा प्रचारप्रसार पनि हुने । अझै पनि विद्यार्थी नेताले जनताले उही भेडाबाखा सम्झिएका छन् । हाम्रै मुलुकमा यस्ता धेरै मन्त्री छन्, जो टायर बालेर, सरकारी गाडी जलाएर, गुलेली हानेर, दादागिरी देखाएर त्यहासम्म पुगेका हुन् । रामकुमारी झाँक्री, महेश बस्नेत, गगन थापा, गोकुल बाँस्कोटा, नविना लामा, बालकृष्ण खाणलगायत अन्य नेताहरूले हिजोको दिनमा यही काम गरेका हुन् । देशको प्रधानमन्त्री शेरबहादुर देउवा पनि यसअन्तर्गत नै पर्छन् । अभियन्ता भनेर सडकमा कराउँदै हिँड्ने ज्ञानेन्द्र शाही आज राप्रपाका नेता बनेर बसेका छन् । अझै पनि जनतालाई झुक्याउन सक्छु भनेर शाही आयल निगम घेर्न पुगे । अनि यस्तालाई नेता भन्ने हामी जनता पनि कस्तो ?

यहाँ सबै जनाले जनताको नाम बेचेका छन् । जनताको नाम बेचेर उपभोक्तावादी र विद्यार्थी संगठनहरूले आफ्नो घर खर्च चलाएका छन् । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उपभोक्तावादी भनिने ज्योति बाँनिया, प्रेम महर्जनलगायत अन्यको सम्पत्ति छानबिन गर्नंपर्छ । यता, माथि उल्लिखित नेताहरूको पनि सम्पत्ति खोजतलास गर्नंपर्छ । अनि जनताले कसको लागि आवाज उठाएको रहेछ भन्ने स्पष्ट रूपमा थाहा पाउँछन् । बीचमा बसेर पुलको काम गरिरहेका दलालहरूलाई कानुनको दायरामा ल्याउनुपर्छ ।

अहिले विपक्षीका नेताहरूले सदनदेखि सडकसम्म उठाउने विषय पाएका छन् । मूल्यवृद्धि फिर्ता गर्नंपऱ्यो भन्ने माग विपक्षीका नेताहरूको छ । तर, नेपालमा पेट्रोल, डिजेल र ग्यासको खानी छैन । अन्य मूलुकबाट आयात गर्नंपर्छ । अरू देशले मूल्य बढाउनेबित्तिकै नेपाल सरकारलाई पनि मूल्य बढाउन बाध्यता पर्छ । विपक्षीका दललाई यति जाबो सामान्य कुराको पनि ज्ञान छैन ? विपक्षी दलका सांसदहरूको माग : सरकारले इन्धनमा लगाएको कर घटाउनुपऱ्यो । तर, सरकारले कर घटाउने हो भने यिनीहरूले तलबचाहिँ कहाँबाट खान्छन् ? सेवासुविधा सरकारले कहाँबाट ल्याएर दिन्छ ? आजसम्म कुनै सांसदले म तलबभत्ता लिन्न, इन्धनमा भएको मूल्यवृद्धि घटाऊ, जनतालाई सहजता बनाइदेऊ भनेर संसद्मा बोलेका छन् । आफू तलबभत्ता र सेवासुविधा लिन पनि नछाड्ने अनि महँगी बढ्यो भने संसद्मा बुरुकबुरुक उफ्रिने ? सरकारी सेवासुविधा लिन्न भन्न किन सक्दैनन् सांसदहरू ?

सत्तापक्ष होस् या विपक्षीका सांसदले होस् राज्यबाट पाउनुपर्ने सेवासुविधा छोडेका छैनन् । इन्धनको भाउ बढेको बढ्यै छ सरकारी गाडी चढिरहेकै छन् । अनि हामी जनताका लागि नेता बनेका हौं भन्न यिनीहरूलाई लाज लाग्नुपर्ने हैन ? यसको जवाफको प्रतीक्षामा छन् नेपाली जनता ।

*राम राई, कपन*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



**योग अभ्यास** | आठौं अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा मंगलबार सुर्खेतमा आयोजित कार्यक्रममा योग अभ्यास गर्दै स्थानीय।

*तस्बिरः रासस*

# महँगी सरकारको हातमा मात्र छैन : सञ्चारमन्त्री

■ प्रभाव संवाददाता

**गण्डकी–** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले महँगी केवल सरकारको हातमा मात्र नरहेको बताएका छन् ।

नेपाल पत्रकार महासंघ कास्कीद्वारा सञ्चालित प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान-२०७८ वितरण समारोहमा मन्त्री कार्कीले पेट्रोलको मूल्य वृद्धि सरकारको हातमा मात्र नभएको भन्दै पेट्रोललाई विस्थापित गर्नुपर्ने बताए । उनले ऊर्जाको विकासलाई व्यवस्थित गर्न सके पेट्रोल आफै विस्थापित हुने बताए । उनले देशमा उत्पादित ऊर्जा खेर नजाने गरी यसको खपत बढाउनेतर्फ ध्यान दिइने बताए । उनले शासन पद्धतिमा परिवर्तनसँगै जनताको जीवनस्तरमा पनि परिवर्तन आउनु पर्ने बताए । उनले आगामी पुस्तालाई समृद्धपुस्ता बनाउने गरी लाग्नुपर्ने बताउँदै मन्त्री कार्कीले पूँजी निर्माणका लागि लगानीमैत्री वातावरण बनाउनुपर्ने बताए । निजी क्षेत्रलाई प्रोत्साहन गरी जलस्रोतको उपयोग गर्न सक्नुपर्ने बताए ।

त्यस्तै उनले संविधानले परिकल्पना गरेको अभिव्यक्ति स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रतालाई सरकार अझ समृद्ध गर्न चाहेको बताए । उनले कुनै पनि पत्रकारले विचार




व्यक्त गरेको आधारमा यो सरकारले दण्डित नगरेको र नगर्ने बताए । दक्षिण एसियामा नै स्वतन्त्र प्रेसको नमूना देशका रूपमा नेपाललाई विकास गर्नका लागि सरकार कानुनी, संरचनागत व्यवस्था गर्न सधैं तयार रहेको मन्त्री कार्कीको भनाइ थियो ।

मन्त्री कार्कीले नेपाल पञ्चशीलको सिद्धान्तलाई आत्मसात् गर्दै अन्य राष्ट्रसँग सम्बन्ध विस्तार गर्दै अघि बढ्ने धारणा राख्दै गर्दै अघि बढ्नुको विकल्प नभएको बताए । अमेरिकन स्टेट पार्टनरशिप प्रोग्रामलाई अघि नबढाउने सरकारले निर्णय गरिसकेको पनि उनले जानकारी दिए ।

सो अवसरमा दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान-२०७८ बाट मन्त्री कार्कीले पत्रकार बबिता बस्नेतलाई सम्मानपत्रसहित एक लाख एक हजार १११ ले सम्मान प्रदान गरेका थिए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले पत्रकारिताका माध्यमबाट सचेतना, महिला जागरण आदिमा महत्वपूर्ण योगदान गरेका कारण बबिता बस्नेतलाई सम्मान गरिएको बताइन् ।

प्रतिभा छनोट समितिका संयोजक एवं नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष रवीन्द्र बास्तोलाले समाजको रूपान्तरणका साथै प्रजातन्त्रको स्थापनामा महत्वपूर्ण योगदान गरेका दयाशंकर पालिखेको स्मृतिमा स्थापित पुरस्कार तथा सम्मान आफैँमा महत्वपूर्ण रहेको बताए । पत्रकारितामा निर्भिक रूपमा कलम चलाउने बबिता बस्नेतको सक्रियता, योगदान आदिका आधारमा उनलाई सम्मान गर्ने निर्णय गरिएको उनले बताए ।

कार्यक्रममा सम्मानित व्यक्तित्व बबिता बस्नेत, पुरस्कार संस्थापक परिवारका तर्फबाट विश्वशंकर पालिखे, पत्रकारिताबारे आ-आफ्ना विचार राखेका थिए ।

## तत्काल वाम एकता...

पृष्ठ १ बाट जारी

निर्देशन दिएका छन् ।

यसकारण तयार छैनन् ओली

ओली अहिल्यै तालमेल वा एकतामा रुचिकर नहुनुका पछाडि केही कारण छन् । त्यसमध्ये पहिलो कारण, तत्कालीन नेकपामा रहेको नेकपा माओवादी केन्द्र र माधवकुमार नेपाल समूह (हाल नेकपा एकीकृत समाजवादी)कै कारण आफू सरकारबाट बाहिरिनुपरेको ओलीको बुझाइ छ । आफू सत्ताबाट बाहिरिनुपरेको तुष ओलीले यति छिट्टै बिर्सिनसक्ने अवस्था छैन । माओवादी केन्द्र र माधव नेपाल समूहकै कारण देउवा प्रधानमन्त्री बनेकाले आफू नेतृत्वको वामपन्थी सरकार ढालेर कांग्रेसको नेतृत्वमा सरकार बनाउन जानेहरूसँग अहिले नै एकता गर्न नहुने ओलीको निचोड छ ।

अर्को भनेको, अघिल्लोपटकको तालमेल र एकता । अघिल्लो प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा एमाले-माओवादी संयुक्त घोषणापत्रसहित चुनावमा गएका थिए । चुनावपछि ३ फागुन २०७४ मा ओली नेतृत्वमा सरकार बन्यो । ३ जेठ २०७५ मा दुई पार्टीबीच एकता भयो । तीन महिनाभित्र एकता सक्ने घोषणा गरेका ओली-प्रचण्डले झण्डै तीन वर्षसम्म पनि एकतालाई पूर्णता दिन सकेनन् ।

बरु, नेकपा आन्तरिक विवादको चंगुलमा फस्यो । त्यही मौकामा नेकपा नाम विवादमा सर्वोच्च अदालतले २३ फागुन २०७७ एउटा फैसला सुनायो । जसले एमाले-माओवादीको एकता उल्टियो । दुई पार्टीको अस्तित्व ब्युँतियो । त्यसपछि दुवै पार्टी अलग-अलग बाटोमा लागे । तर, विवाद यतिमै सीमित रहेन । माधव नेपालले केही नेतासहित गत भदौमा नयाँ दल दर्ता गरेर एमालेसँग सम्बन्धविच्छेद् गरे । जुन दल अहिले देउवा नेतृत्वको सरकारमा सामेल छ । अझ पनि नेपालसहित एकीकृत समाजवादीका नेताहरू ओलीलाई दुत्कार्नैमा व्यस्त छन् । ओली पनि नेपाल र प्रचण्डप्रति रुखो सुनिन्छन् ।

यस्तो अवस्थामा एकता वा गठबन्धन गर्नै नसकिने ओलीको 'ब्रिफिङ' छ । अहिले एकता/गठबन्धनको कुरा गर्दा कार्यकर्ता हतोत्साहित हुने ओलीको बुझाइ छ । 'अहिले गठबन्धन वा एकताको पक्षमा बोल्दा कार्यकर्तामा नैराश्यता आउँछ । उनीहरू डिमोटिभेट हुन्छन् । उत्साह हराउँछ । तत्काल सम्भव नहुने कुरामा तपाईंहरू लाग्दै नलाग्नुस्,' केही दिनअघिको राति ओलीनिवास बालकोट पुगेका नेताहरूलाई उनले भनेका थिए, 'मैले पनि केही हेरिरहेको हुँला । विचार गरिरहेको हुँला । त्यस विषयमा उपयुक्त समयमा बोलुँला । अहिले बोल्ने बेला भएकै छैन । यसका पछाडि कोही पनि नलाग्नुस् ।'

यद्यपि, एमाले र माओवादीका दोस्रो तहका नेताहरू भित्रभित्रै छलफलमा भने जुटेका छन् । उनीहरू आउँदो मंसिरभित्र हुने प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा वाम तालमेल गरेर जानेगरी छलफल चलाइरहेका छन् । यो छलफलले सार्थकता पाउन भने सकेको छैन ।

वाम गठबन्धनका लागि माओवादी नेताहरूले संसद् विघटनप्रति ओलीले आत्मालोचना गर्नुपर्ने कुरा उठाउने गरेका छन् । तर, त्यसमा एमाले नेताहरू सकारात्मक छैनन् । ओलीले यसमा नमान्ने उनीहरूको भनाइ छ । एमाले नेताहरूले तत्कालीन नेकपामा हुँदा अध्यक्ष दाहालले ओलीलाई लगाएको १९ बुँदे आरोप फिर्ता लिनुपर्ने बताइरहेका छन् । ओलीको पहिलो सर्त पनि यही छ । तर, यसमा माओवादी नेताहरू सकारात्मक हुन सकेका छैनन् ।

स्थानीय निर्वाचनअघि वाम एकताका लागि एमाले-माओवादीका नेताहरू केहीपटक छलफलमा बसे पनि स्थानीय निर्वाचनपछि भने नबसेको एक नेताले दाबी गरे ।

एमाले अध्यक्ष ओली वर्तमान गठबन्धन भत्कियोस् भन्ने त चाहन्छन् तर, यसका लागि उनी कुनै सम्झौता गर्न चाहँदैनन् । दाहाल र नेपाललाई प्रधानमन्त्रीको अफर दिने त झन् निकै परको कुरा रहेको एमाले उपमहासचिव ज्ञवालीले सार्वजनिक रूपमा बताइसकेका छन् । एमालेका तर्फबाट कसैलाई प्रधानमन्त्रीको अफर नगएको नेताहरूले प्रमुख सचेतक विशाल भट्टराईले पनि बताइरहेका छन् । तर, दाहाल र नेपालले यसको खण्डन गरेका छैनन् ।

दाहाल र नेपालले 'निहुँ' खोजेकै कारण नेकपाको एकता जोगाउन नसकिएको, उनीहरूकै कारण सत्ताच्युत हुनुपरेको निश्कर्षसहित ओली एकताप्रति अरुचि देखाइरहेका छन् । तर, हालकै गठबन्धन कायम रहे आउँदो निर्वाचनमा कांग्रेस पहिलो दल बन्ने, आउँदो पाँच वर्षसम्म कम्युनिस्ट शक्ति क्षयीकरण हुने भन्दै केही नेताहरूले वाम घटकबीच तालमेल गरेर अघि जानुपर्ने आवाज उठाइरहेका छन् ।

वाम एकताका लागि एकीकृत समाजवादीका अध्यक्ष नेपाल र माओवादी केन्द्रका अध्यक्ष दाहाल पनि सकारात्मक नै रहेको बुझिएको छ । नेपालले वाम एकताका लागि सार्वजनिक रूपमा नबोले पनि दाहालले भने एक/दुई वटा मञ्चमा यसको संकेत गरिसकेका छन् । उनले कांग्रेसले आफूहरूलाई 'स्पेस' नदिए एमालेसँग सहकार्य गर्ने धम्की दिएका थिए ।

तर, उनको यो धम्की सत्ता गठबन्धनभित्रको 'बार्गेनिङ'का लागि मात्र भएको एमाले नेताहरूको बुझाइ छ । आउँदो निर्वाचनमा कांग्रेससँग बढी सिट माग्नका लागि यसलाई हतियारको रूपमा प्रयोग गर्न खोजिएको एमाले नेताहरूको बुझाइ छ ।

कथं वाम एकताका लागि एकीकृत समाजवादी, माओवादी र एमालेकै दोस्रो-तेस्रो तहका नेता सहमत भए भने पनि ओलीको 'ग्रिन सिग्नल'बिना कुनै हालतमा सम्भव छैन । र, ओली यसका लागि अहिल्यै तयार भइसकेका छैनन् ।

# लागुऔषधसहित पक्राउ

**कास्की (प्रस)–** पोखरा महानगरपालिका-१८ सेदीस्थित होटलबाट ३ किलो ७८० ग्राम अवैध लागुऔषध गाँजासहित धादिङ नीलकण्ठ गाउँपालिका-६ बस्ने २३ वर्षीय ईश्वर नेपाली समेत चार जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो । कैलाली, धनगढी उपमहानगरपालिका-२ रामजानकी टोल बस्ने १९ वर्षीय दिपेन्द्र बहादुर मल्ल र सोही नगरपालिका-१ घर भई सोही नगरपालिका-२ मिलन चोकस्थित ग्रिनलेण्ड प्लाजाका सञ्चालक २९ वर्षीय चक्र सिंह पार्कीलाई ९ ग्राम ३ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ, ४६ हजार ४५० नेपाली रूपैयाँ र ४ हजार भारतीय रूपैयाँ सहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ र नगद सहित फेला पारी पक्राउ गरेको हो ।

## सच्याइएको जानकारी

यस प्रभाव दैनिकको वर्ष ९ अकं ५८ (मंगलबार ७, असार २०७९) मा प्रकाशित लुम्बिनी प्रदेश, उर्जा जलश्रोत तथा सिञ्चाई मन्त्रालय, जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालय, दाङको **आर्थिक प्रस्ताव** खोल्नेबारेको सूचनामा प्राविधिक प्रस्ताव सफल भएका बोलपत्रदाताहरू कोलमको सि.नं. 6 मा 1) Oli Builders, Baijanath-4, Banke 2) Indradhanu Achham Nirman Sewa, Tikapur, Kailali हुनुपर्नेमा 1) Oli Builders, Baijanath-4, Banke भूलबस छुट्न गएकोले सच्याइएको जानकारी गराइन्छ ।


## सूचना ! सूचना !! सूचना !!!

Gulf Management International Pvt.Ltd.(ई.प.नं. 788/065/066) जिल्ला वाग्लुङ बाटाका चौर गा.वि.स वडा नं. ७ हाल बरेन गा.पा.वडा नं. ३ घर भई का.म.न.पा. वडा नं.२ सामाखुसी बस्ने दलबहादुर क्षेत्रीको छोरा **खड्क बहादुर क्षेत्री (न.प्र.नं.३९७१/९८५)** र वाबूराम खतिवडाको छोरा **उपेन्द्र प्रसाद साह (न.प्र.नं. ४३१८२१६७)** सँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, 9843554655
E-mail :- info@gulfmgmti.com, Web Site :-www.gulfmmi.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LARSEN TOUBRO ARABIA COMPANY
पूर्व स्वीकृति मिति : २०७९/०३/०७ | LT. No. 265554 | चलानी नं.६०१८१४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा असार १५ गते (29th June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MASS HUMAN RESOURCE PVT. LTD.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080,4983088,4955765



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Seven Shores Trading
पूर्व स्वीकृति मिति २०७८/०५/२३ | पूनः विज्ञापन स्वीकृति मिति २०७९/०३/०७ | LT. No. 242210 | चलानी नं. ६०१५९८६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | 0 | 1000 | ३४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालयमा मितिः असार १५ गते (29th June 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Career International Services (P.) Ltd.** License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.comt



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALIK FOR DELIVERY AND TRADING SERVICES
पूर्व स्वीकृति मिति २०७९/०३/०७ | LT. No.265542 | चलानी नं.६०१८१४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 85 | 0 | 1600 | ५४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार १५ र १६ गते (29 & 30th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**GANDAKI OVERSEAS CONCERN PVT.LTD.** श्रम इजाजत नं. ११५/०५५/०५६
Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AH HAI INDUSTRIES SDN. BHD.
पुर्व स्वीकृति मिति २०७९/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/०७ | LT No :264299 | चलानी नं. ६०१८०३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 48 | 0 | 1500 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असार १५ गते (29th June. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.** 918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

प्रभाव दैनिक




### फिल्म प्रेमगञ्जको टिजर सार्वजनिक

भदौ ३ गतेलाई प्रदर्शन मिति तोकेको फिल्म 'प्रेमगञ्ज'को टिजर सार्वजनिक भएको छ। दुई महिनाअघि कपिराइट फ्री गरिएको टिजर एक सयभन्दा बढी युट्युब च्यानलबाट एकै साथ रिलिज भएको थियो। तर, सम्झौतामा असहमति भएपछि निर्माण टिमले एक महिनाअघि टिजर हटाएको थियो। त्यही टिजरलाई आज ओ एसआर डिजिटलबाट आवाज परिवर्तन गरेर सार्वजनिक गरिएको छ।




बुधबार, ८ असार २०७९ (Wednesday, June 22, 2022)

# गण्डकी प्रज्ञा उत्सवमा सम्मान र नाटक प्रदर्शनी




■ प्रभाव संवाददाता

**पोखरा–** कला संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि गण्डकी सरकारले प्रज्ञा प्रतिष्ठान बनाएको छ।

उक्त प्रतिष्ठानले यो वर्ष ' गण्डकी प्रज्ञा उत्सव' मनाउन लागेको छ। असार ९ गतेबाट ११ गतेसम्म प्रतिष्ठानमा विभिन्न कार्यक्रम गर्न लागिएको हो। पहिलो दिन असार ९ गते विभिन्न जिल्लाबाट प्रतिनिधित्व हुने गरी २० जना कलाकारद्वारा पर्यटन, संस्कृति, धार्मिक सम्पदाको बारेमा चित्र कोर्ने कार्यक्रम छ भने असार १० गते गजल, कविता, मुक्तक र लघुकथा बाचन तथा नाटक मन्चन हुनेछ।

असार ११ गते विविध सांस्कृतिक कार्यक्रम तथा सम्मान कार्यक्रम गरिने कुलपति सुर्य खड्काले जानकारी दिए। उनका अनुसार गण्डकी प्रज्ञा संगीत सम्मानबाट गोरखाका आलोक श्री, गण्डकी प्रज्ञा कला सम्मानबाट कास्कीका यादव चन्द्र भुर्तेल, गण्डकी प्रज्ञा नृत्य सम्मानबाट म्याग्दीकी धनकुमारी थापा, गण्डकी प्रज्ञा साहित्य सम्मानबाट नवलपुरका गोविन्द विनोदी, गण्डकी प्रज्ञा संस्कृति सम्मानबाट नवलपुरका पुष्परत्न महतोलाई सम्मान गरिनेछ।

उत्सव अवधिभर पृथ्वीनारायण क्याम्पस विज्ञान संकायका विद्यार्थीले विज्ञान तथा प्रविधि प्रदर्शन गर्नेछन्। नयाँ पुस्ताहरूलाई मौलिक संस्कृतिको बारेमा जानकारी दिन कार्यक्रम आयोजना गरिएको खड्काले बताए।

# अधिकारीको सहिद स्रष्टा परिचयकोश प्रकाशित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको परिवर्तनकारी आन्दोलनमा ज्यानको बलिदान दिने स्रष्टाको परिचयमूलक कृति 'सहिद स्रष्टा परिचयकोश' प्रकाशित भएको छ।

समालोचक तेजविलास अधिकारीद्वारा लिखित उक्त कृति नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो। कृतिमा नेपालको राजनीतिक तथा रूपान्तरणकारी आन्दोलनमा ज्यानको आहूति दिएका सहिद स्रष्टाको पधधधरिचय दिइएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले भाषा, साहित्य, धर्म, दर्शन, आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालको प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अगि बढ्न आफूहरू कटिबद्ध रहेको जनाएका छन्।

उनले शुभकामना मन्तव्यमा लेखेका छन्, '२०६२-०६३ को जनआन्दोलनपछि साविकको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट ललितकला एवम् नाट्य-संगीत विधालाई छुट्टयाइ छुट्टाछुट्टै प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन २०६४ अन्तर्गत नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने उद्देश्यले वर्तमान नेपाल प्रज्ञा प्रतिष्ठान गठन गरिएको हो। यस अर्थमा आफ्नो गठनदेखि बिरासत ग्रहण गर्दै हाल कानुनबमोजिमका विषयक्षेत्रमा यो प्रज्ञा प्रतिष्ठान कार्यरत् छ।'




प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङले जीवित अवस्थामा रहँदा साहित्य, कला, संस्कृति, गीत, संगीतलगायतका विभिन्न विधा सिर्जना र प्रस्तुतिमा क्रियाशील रहेका सहिद स्रष्टाको खोज गरी तयार पारिएको यस ग्रन्थको प्रकाशनले सहिद हुनुभएका स्रष्टाहरूप्रति सच्चा सम्मान र श्रद्धाभाव अभिव्यक्त भएको जनाएका छन्।

उनले प्रकाशकीयमा लेखेका छन्, 'सहिद भनेका परिवर्तनका संवाहक हुन्। न्याय, समानता र स्वतन्त्रताका हिमायती अनि राष्ट्रका अमूल्य निधि हुन्। यस कार्यबाट थोरै भए पनि सहिद स्रष्टाहरूलाई सम्झिन सकेको अनुभूति भएको छ।' उनले अनुसन्धान परियोजना कार्य सम्पन्न गर्ने समालोचक तेजविलास अधिकारीलाई प्रतिष्ठानका तर्फबाट विशेष धन्यवाद दिएका छन्।

प्रतिष्ठानका साहित्य, समालोचना र निबन्ध विभागका प्रमुख प्राज्ञ प्रा.डा. गोपीन्द्र पौडेलले सहिदहरूप्रति सम्मान होस् भनेर नै सहिद स्रष्टा परिचयकोश प्रकाशन गरेको बताए। उनले भने, 'सहिद भनेका न्याय, समानता र स्वतन्त्रताका पक्षमा लड्ने, राष्ट्रिय स्वाभिमानलाई उचो राख्नका लागि आफूलाई बलिदान गर्ने, देशको निम्ति अमरत्व प्राप्त गर्ने उच्च उदात्त चरित्र भएका आस्थाका धरोहर एवं महानायक हुन्। यद्यपि सहिदका सपनाले साकार रूप लिन बाँकी नै छ र सहिदका सपना अधुरै छन्।' पौडेलले नेपालको इतिहासमा स्वतन्त्रता, स्वाधीनता तथा उन्मुक्तिका खातिर आफूलाई बलिदान गर्ने स्रष्टाको संख्या झण्डै दुई सय बढी रहेको आँकलन गर्न सकिने बताए। उनले भूमिकामा लेखेका छन्, 'प्रथमोप्रथम आफूलाई बलिदान गर्ने स्रष्टा कृष्णलाल अधिकारीदेखि लिएर पछिल्लो चरणका कृष्ण सेन इच्छुकलगायतका वीरहरूले इतिहासका विभिन्न कालखण्डलाई रक्तरञ्जित गराएका छन्। राणाशासन काल, पञ्चायती काल र पछिल्लो समयको राजतन्त्रात्मक बहुदलीय कालसम्म आइपुग्दा विभिन्न पर्व र काण्डका नामले चिनिने घटना घटेका छन्।

खासगरी राणाकालमा मकैपर्व, सहिदकाण्ड अनि पञ्चायत कालमा पिष्कर काण्ड, छिन्ताङ काण्ड, सुखानी काण्ड र राजतन्त्रात्मक बहुदलीय कालमा अनेकोट काण्ड तथा इच्छुक हत्याकाण्डलगायत दर्जनौ काण्ड नेपालको इतिहासमा घटित भएका छन्।' पौडेलले प्रायजसो काण्डमा स्रष्टाहरूले सहादत प्राप्त गरेको सन्दर्भमा सहिद स्रष्टाहरूको सम्मानस्वरूप सहिद स्रष्टा परिचयकोश प्रकाशन गरिएको बताए।

पुस्तकका लेखक तेजविलास अधिकारीले प्रथम साहित्यिक सहिद कृष्णलालदेखि भाषा, साहित्यमा राज्यस्तरमा समान हैसियत चाहिन्छ भनी आन्दोलन गर्ने रञ्जु झासम्मको खोजी पुस्तकमा गरिएको बताए। उनले सहिद स्रष्टा परिचयकोशको काम अलि चुनौतीपूर्ण भए पनि नेपालको परिवर्तनकारी आन्दोलनमा ज्यानको आहूति दिने स्रष्टा सहिदप्रति यो कार्य महत्वपूर्ण रहेको सुनाए। अधिकारीले भने, 'सामग्रीलाई सकेसम्म तथ्यपरक बनाउन प्रत्येक सहिद स्रष्टाको परिचयात्मक लेख लगत्तै सहयोगी सन्दर्भ सामग्री र व्यक्तित्वको नाम उल्लेख गरिएको छ।

यस पुस्तकमा क्याप्टेन यज्ञबहादुर थापा, भीमनारायण श्रेष्ठ, प्रजालाल राई, ऋषिराज देवकोटा ' आजाद' जस्ता प्रजातन्त्रका निम्ति जीवन अर्पण गर्ने राजनीतिज्ञदेखि क्रान्तिको फिलिङ्गो भीमदत्त पन्त, चुनु गुरुङ, कृष्णसेन इच्छुक, मस्तबहादुर विष्ट, शारदा श्रेष्ठ, तारा काफ्ले जस्ता सांस्कृतिक क्षेत्रमा विशेष योगदान र ऊर्जा दिने सहिदहरूको परिचय प्रस्तुत गरिएको छ।' उनले पुस्तकमा मूलतः राज्य पक्षको दमनको, धरपकड र यातनाबाट जीवन गुमाउने स्रष्टाहरूको फोटो राख्ने चाहना हुँदाहुँदै पनि अधिकांशको प्रामाणिक फोटो नभेटिएका कारण समावेश गर्न नसकिएको जानकारी दिए।

लेखक अधिकारीले पुस्तक प्रकाशन गर्ने क्रममा दुई सयभन्दा बढी व्यक्तिलाई सम्पर्क गरेको जनाउँदै कतिपय सहिदका परिवारसँग सम्पर्क हुन नसकेको बताए। उनका अनुसार नेपालको सांस्कृतिक इतिहासलाई हेर्ने हो भने झण्डै तीन सय जना स्रष्टाहरूले बलिदान गरेको सन्दर्भ उल्लेख भएको पाइन्छ। अधिकारीले भने, 'यस अनुसन्धानमा जम्मा १८२ जना सहिद स्रष्टाको सूचनालाई लिपिबद्ध गर्ने काम भएको छ।'



**एसिसी महिला टी-२०**

# हङकङसँग पराजित भएसँगै नेपाल उपविजेता




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी महिला टी-ट्वान्टी च्याम्पियनसिप अन्तर्गत लिग चरणको अन्तिम खेलमा नेपाल पराजित भएको छ। मलेसियाको किनरारा ओभलमा मंगलबार नेपाल हङकङसँग ७ विकेटले पराजित भएको हो।

यस जितसँगै हङकङ समूह 'बी' विजेता सेमिफाइनलमा प्रवेश गरेको छ। नेपाल भने समूह उपविजेता बनेको छ।

एक खेल खेल्न बाँकी रहेको हङकङले ३ खेलमा ६ अंक जोडेको छ। र, समूहको शीर्ष स्थानमा रहेको छ।

नेपाल ४ खेलमा ६ अंक जोडेर समूहको दोस्रो स्थानमा रहेको छ। नेपालले सेमिफाइनमा समूह 'ए' को विजेतासँग खेल्नेछ।

नेपालले दिएको १ सय १० रनको लक्ष्य हङकङले १५ ओभर ५ बलमा ३ विकेट गुमाएर पूरा गर्‍यो। हङकङको जितमा मारिको हिलले सर्वाधिक ४५ रन जोडिन। नताषा मिल्सले अविजित २८ तथा कप्तान कारी चानले १७ रन बनाईन्।

नेपालकी संगीता राईले २ तथा सीता मगरले १ विकेट लिईन्। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १ सय ९ रन बनाएको थियो।

नेपालका लागि कप्तान रुबिना क्षेत्रीले अविजित रहदै ३२ रनको योगदान गरिन्। अप्सरी बेगमले अविजित २२ रन बनाईन्। यस्तै बिन्दु रावलले २३ रन जोड्दा सीता मगरले ९ रन जोडिन्। ममता चौधरी ७, कविता जोशी ४, काजल श्रेष्ठ १ र इन्दु वर्मा सुन्य रनमा आउट भईन्।

हङकङकी बेट्टी चानले २ तथा मार्याम बीबी र एलिसा हब्बार्डले १/१ विकेट लिए।

च्याम्पियनसिप अन्तर्गत नेपालले यस अघि भुटानलाई ५० रन, कुवेतलाई २५ रन र बहराइनलाई ८ विकेटले हराएको थियो।

च्याम्पियनसिपमा १० टोलीको सहभागिता रहेको छ। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह चरणको खेलपछि शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। च्याम्पियनसिपको फाइनल पुग्ने दुई टोलीले महिला टी-ट्वान्टी एसिया कप क्रिकेटमा छनोट हुनेछ।

# एन्फाका पदाधिकारीको शपथ आज

**काठमाडौं (प्रस)–** अखिल नेपाल फुटबल संघ (एन्फा) को नव निर्वाचित कार्यसमितिका पदाधिकारीको शपथ ग्रहण आज हुने भएको छ।

नव निर्वाचित कार्यसमितिको पद तथा गोपनीयताको शपथ बुधबार साँझ ५ बजे हुने भएको हो। काठमाडौंको बुढानिलकण्ठस्थित पार्क भिलेज रिसोर्टमा सोमबार भएको निर्वाचनबाट पंकज बिक्रम नेम्बाङ अध्यक्षमा निर्वाचित भएका थिए। अध्यक्षका अर्का प्रत्यासी तथा वर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पालाई ६ मतले पराजित गर्दै नेम्बाङ अध्यक्षमा निर्वाचित भएका हुन्। उनी शेर्पाको नेतृत्वको कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष रहेका थिए।

वरिष्ठ उपाध्यक्षमा बीरबहादुर खड्का निर्वाचित भए। यस्तै उपाध्यक्षमा दावा लामा, दिपक खतिवडा, बिराटजंग शाही र दुर्गा बहादुर केसी निर्वाचित भएका थिए।

महिला सदस्यमा सरिला श्रेष्ठ र पेमा डोल्मा लामा निर्वाचित हुँदा सदस्यमा मनिष जोशी, अनिल मल्ल, रबिन्द्र चन्द, विकास नारायण श्रेष्ठ,भोजराज शाही, महेन्द्र क्षेत्री, पुरुषोतम थापा,रमेश ब्यन्जनकार, मनिराज विष्ट,टिकाराम लामा,भरत बुढा थापा निर्वाचित भए।

बाँकी दुई सदस्य भने आगामी एन्फा महाधिवेशनले तय गर्नेछ। दीपक थापा क्षेत्री, रूपेश अधिकारी, दीपेन्द्र धिमाल र लोकेन्द्र गुरुङले ३९ मत प्राप्त गरेपछि एन्फाको विधान र फिफा र एएफसी प्रतिनिधिहरूको सुझावअनुसार आगामी एन्फा महाधिवेशनबाट दुई सदस्य तय गरिने एन्फाले जनाएको छ। यस्तै महासचिव र कोषाध्यक्ष भने मनोनित हुनेछन्।

Government of Nepal
Ministry of Water Supply
**DEPARTMENT OF WATER SUPPLY and SEWERAGE MANAGEMENT**
**PREVENTION AND CONTROL OF COVID 19 THROUGH WASH AND HEALTH INITIATIVES IN SECONDARY AND SMALL TOWNS PROJECT**
**PROJECT MANAGEMENT OFFICE (UWSSP)**
**Panipokhari, Kathmandu**

**Invitation for Request for Quotation**

Date : **22 June 2022** (First date of Publication)
Grant No. and Title : **Grant 9219-NEP, Prevention and Control of COVID-19 through WASH and Health Initiatives in Secondary and Small Towns (PCCWHISST) Project.**
Contract No. and Title : **PCCWHISST/RFQ-G03/Health Desk Package I (Medical goods) PCCWHISST/RFQ-G03/Health Desk Package II (Furniture and office related goods)**
Deadline for Purchase of RFQ Documents : **29 June 2022, 17:00 Noon, Nepal Standard Time (NST)**
Deadline for Submission of Sealed RFQ : **30 June 2022, 12:00 Noon, Nepal Standard Time (NST)**
Opening of Sealed RFQ : **30 June 2022,13:00 PM, NST**

1. The **Project Management Office(PMO), Prevention and Control of COVID-19 through WASH and Health Initiatives in Secondary and Small Town (PCCWHISST) Project,** ("the Employer") under ADB/JFPR Grant invites RFQ according to ADB procurement guideline from authorized supplier (Medical/Surgical Goods for Package A and Furniture and Office related Goods for Package B) for Supply and Delivery (Transportation, Local Handling etc.) of Health Desk goods to 5 Municipalities (Bhimdutta, Dhangadi, Tikapur, Nepalgunj and Bharatpur) conforming to the required specification in RFQ document.
2. PMO requests for quotations for two packages as listed below :
   A) Package 1 : Procurement/Supply and Delivery of Medical/Surgical goods for Health desks for 45 places in 5 Municipalities.
   B) Package 2 : Procurement/Supply and Delivery of Furniture and Office related goods for Health desk for 45 places in 5 Municipalities.
3. The RFQ Documents can be obtained from PMO Office, Kathmandu after Submission of an application letter along with VAT, PAN Registration documents and Tax clearance certificate of Fiscal Year 2077/078 and Listing of the Firm in PMO.
4. PMO hereby has full authority to take final decision in case of any discrepancy/conflict.
5. To obtain detail information and inspect the RFQ documents,authorized supplier may visit PMO or should contact:
   The Project Director
   Project Management Office,DWSSM Building, 5th Floor
   Ph: 0977- 1 - 4006647, 0977- 1 – 4423186
   Fax: 0977-1-4413280
   Website: www.uwssp.gov.np; Email: info@uwssp.gov.np, info.pmourban@gmail.com

# बेलायतमा ३० वर्षयताकै ठूलो रेल हडताल



**लण्डन–** बेलायतमा रेलवे कामदारका नेटवर्कले तीन दशकभन्दा धेरै समययताको ठूलो हडताल सुरु गरेका छन् । रेलका यात्रुको भीडले मंगलबार अराजकताको सामना गर्न सक्ने बताइएको छ ।

हडताल समाप्तीका लागि भएको वार्ता असफल भएको बताइएको छ । यसको अर्थ रेल युनियनका ५० हजारभन्दा बढी सदस्य यस हप्ता तीन दिनका लागि आफ्नो कामबाट बाहिरिएका छन् ।

रेल र लण्डन भूमिगत स्टेसन मंगलबार बिहान बन्द, भएपछि मानिसलाई घरबाट काम गर्न वा अफिसमा वैकल्पिक मार्ग खोज्न बाध्य भएको बताइएको छ ।

लण्डनको बाहिरी भागमा बिहान ०६ बजेपछि बस स्टेसनमा मानिसको भीड पर्खिरहेको थियो । यातायात सचिव ग्रान्ट शाप्सले यस हडतालको निन्दा गरेका छन् । सन् १९७० को खराब पुराना दिनहरूको सम्झना पुनः आएको उनले बताएका छन् । *रासस/एएफपी*

# रुसी पत्रकारले बिक्री गरे नोबेल पदक

**वासिङ्टन (अमेरिका)–** रुसी समाचार आउटलेट नोभाया गजेटाका प्रधान सम्पादक दिमित्री मुराटोभको स्वामित्वमा रहेको नोबेल शान्ति पुरस्कार पदक संयुक्त राज्य अमेरिकामा बिक्री गरिएको छ । सो पदक लिलामी प्रक्रियाद्वारा १०३.५ मिलियन अमेरिकी डलर (हेरिटेज अक्सन) मा बिक्री भएको हो ।

लिलामी सुरु हुनुअघि मुराटोभले उठाएको सबै पैसा पोल्याण्ड, रुस, जर्मनी, मोल्डोभा, स्लोभेनिया, चेक रिपब्लिक र हंगेरीलगायत देशमा रहेका युक्रेनी शरणार्थीलाई सहयोग गर्न युनिसेफलाई दिइने बताएका छन् । मुराटोभले २०२१ मा सो पदक जितेका थिए ।

दिमित्री मुराटोभ र मारिया रेसाले सन् २०२१ को नोबेल शान्ति पुरस्कारका संयुक्तरूपमा पाएका थिए । अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्ने उनीहरूको प्रयासको लागि सो पुरस्कार दिइएको थियो ।

युद्धबाट विस्थापित युक्रेनका बालबालिकालाई सहयोग गर्ने अभियानमा सहभागी हुन सबैलाई आग्रह गर्दै उनले सो सहयोगको घोषणा गरेका हुन् । युक्रेनी शरणार्थी संकटको पूर्णदायरा मापन गर्न गाह्रो छ । दोस्रो विश्वयुद्धपछि युरोपमा अन्य कुनै पनि शरणार्थी संकटभन्दा यो संकट धेरै पेचिलो छ । मे २४ सम्म संयुक्त राष्ट्रसंघको अनुमानअनुसार ६६ लाख शरणार्थीले युक्रेन छोडेका छन् ।

करिब ३५ लाखभन्दा बढी पोल्याण्ड, लगभग १० लाखभन्दा बढी रोमानिया, र १० लाख शरणार्थी रुसतर्फ भागेका छन् । यसैबीच हंगेरी, मोल्डोभा र स्लोभाकियाले शरणार्थीहरूलाई समायोजन गर्न संघर्ष गरिरहेका छन् ।

'संयुक्त राष्ट्रसंघले कम्तीमा दुई दर्जनभन्दा बढी देशमा १० हजारभन्दा बढी शरणार्थी रहेको बताएको छ । त्यस्तै लाखौं मानिस युक्रेनभित्रै विस्थापित भएका छन् । सबैलाई खाना, आश्रय र अन्य आधारभूत आवश्यकता चाहिएको छ । अझै एक करोड ४० लाख मानिसले त सुरक्षित आश्रयस्थल खोजिरहेका छन् । *रासस/एएनआई*

# वर्षाले चीनको जियांसीमा करिब पाँच लाख प्रभावित

**नानचाङ–** पूर्वी चीनको जियांसी प्रान्तको बाढी नियन्त्रण र खडेरी राहत मुख्यालयले सोमबार साँझ बाढी नियन्त्रण आपत्कालीन प्रतिक्रिया स्तर २ मा स्तरोन्नति गरेको छ । सो क्षेत्रमा करिब चार लाख ८५ हजार बासिन्दा अविरल वर्षाबाट प्रभावित भएका छन् ।

शनिबार दिउँसो ३:०० बजेदेखि सोमबारसम्मको भारी वर्षा र बाढीका कारण जियांसीका ५५ काउन्टीमा ४३ हजार ३०० हेक्टर बाली प्रभावित भएको थियो । मुख्यालयका अनुसार बाढीबाट प्रत्यक्ष आर्थिक क्षति ४७० मिलियन युआन (करिब ७०.४ मिलियन अमेरिकी डलर) पुगेको छ ।

स्थानीय मौसम विभागले मंगलबार जियांसीमा वर्षा अलिकति कमजोर भए पनि यसको दक्षिणी र पूर्वीभागमा भारी वर्षा हुने जनाएको छ । वर्षाको प्रभाव बुधबार उत्तर यांगजी नदीतर्फ सर्नेछ । *रासस/सिन्ह्वा*

# दक्षिण युक्रेनमा रूसी टेलिभिजन पुनः प्रसारण

**मस्को–** युक्रेनको दक्षिणी क्षेत्र खेरसनमा रहेका टेलिभिजन टावरलाई रुसी टेलिभिजन प्रसारण गर्न पुनः बन्दोबस्त गरिएको रुसी सेनाले मंगलबार उल्लेख गरेको छ । रुसी सशस्त्र सेनाले रुसी टेलिभिजन च्यानलहरू निःशुल्क प्रसारण गर्न खेरसन क्षेत्रका सातवटा टेलिभिजन टावरमध्ये अन्तिमलाई पुनः कन्फिगर गरेको जनाएको छ । इमिया प्रायःद्वीपको सिमाना जसलाई रूसले सन् २०१४ मा कब्जा गरेको थियो । खेरसन क्षेत्र फेब्रुअरीको अन्त्यमा क्रेमलिनको आक्रमणपछिका दिनमा रूसी सेनाले कब्जा गरेको थियो ।

मंगलबार यस क्षेत्रका मस्को समर्थक अधिकारीमध्ये एक किरिल स्ट्रेमोसोभले 'वर्षको अन्त्य हुनुअघि' रूसमा सामेल हुनसक्छ भनेका छन् ।

रुसले युक्रेनमाथि आक्रमण गरेपछि पछिल्ला दिनमा रुसको प्रभाव विभिन्न माध्यमबाट देखिन थालेको छ । यसैबीच सेनाले युक्रेनी क्षेत्रमा टेलिभिजन सञ्चालन गरेर आफ्नो प्रभाव विस्तार गरेको छ । *रासस/एएफपसी*


## बिमालेख हरायो

मिति २०७९/०२/२० गते साँगाबाट काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको नेपाल लाइफ इन्स्युरेन्सबाट जारी बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनहुन विनम्र अनुरोध गर्दछु ।

नाम : बल बहादुर राई
विमालेख नं : २३५०००३९०
सम्पर्क नं : ९८४६२४६८१३
ठेगाना : बुढानिलकण्ठ न.पा.१०, काठमाडौं

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०३/०३ गते निम्न विवरणको कालो रङ्को Pulsar 220C Model को मोटरसाइकल बुढानिलकण्ठ गंगालाल हस्पिटल अगाडी पार्किङ गरि राखिएको अवस्थामा राति चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : जिवन कुमार श्रेष्ठ
बाइक नं. : बा.प्र ०२-०३०प. ५१८२
च्यासिस नं.:MD2A13EX5MCD86649
इन्जिन नं. : DKXCMD04770
ठेगाना : रामेछाप, खांडादेवि गा.पा-०५
मो. : ९८४१०१५०३६



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HUSSAINI AUTOMATION CO.

पूर्व स्वीकृति मिति २०७९/०३/०७ | LT. No. 265481 | चलानी नं. ६०१८१३९६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 3 | 0 | 1200 | ३९,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**/

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Landmark Manpower Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. ७६२/०६४/०६५
P. O. Box: 26407, Ranibari Chowk, Samakhushi, Kathmandu, Nepal.
Phone No.: 01-4390091 & +9779803580841
Email: applicant.landmark@gmail.com, Website: www.lmmanpower.com



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Althowaini Medical Company Limited

पूर्व स्वीकृति मिति : २०७९/०३/०७ | LT. 265406 | चलानी नं. ६०१८१४१९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaner | 01 | 0 | 1000 | ३३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००।

कम्पनी : SANED FACILITY MANAGEMENT L.L.C.

पूर्व स्वीकृति मिति : २०७८/११/२५ | पून विज्ञापन स्वीकृति मिति : २०७९/०३/७ | LT. 259284 | चलानी नं. ६०१७५६८४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: UAE | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baggage Handler/Porter | 50 | 0 | 1100 | ३७,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 37 | 10 | 800 | २७,२०० | | | | | | | |
| 3 | Security Guard | 68 | 0 | 1600 | ५४,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ गते 29th June 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**
श्रम ईजाजत नं. ११९५/०७३/७४
Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI
Tel: +01-4796201



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOPPER UNIFORM

पूर्व स्वीकृति मिति : २०७९/०३/०७ | LT No. 265540 | चलानी नं.६०१८१३९९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 6 | 0 | 1200 | ४१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ र १६ गते (29 & 30th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Alpha Sigma Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np
Website : www.Imperial.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PIN WEI STEEL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/०७ | LT. No. 265129 | चलानी नं. ६०१८१४४४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निःशुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATOURAH AL-OULA COMPANY FOR GENERAL TRADING.

पूर्व स्वीकृति मिति २०७९/०३/०७ | LT. No. 265036 | चलानी नं. ६०१८१४२९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KWD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 14 | 0 | 120 | ४८,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CROWN SECURITY SOLUTIONS W L.L

पूर्व स्वीकृति मिति २०७९/०३/०७ | LT. No. :265531 | चलानी नं.६०१८१४२८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1000 | ३४,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १५ गते (29th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ९७७०० | प्रति तोला – ९७२०० | प्रति तोला – १२६५ |



**जोमसोम र स्याउबारी** | मुस्ताङको घरपफोङ गाउँपालिका–५ ठिनीबाट देखिएको स्याउबारी र जिल्ला सदरमुकाम जोमसोम बजारको दृश्य । *तस्बिर: सन्तोष गौतम/ रासस*

# हाइड्रोजन प्लान्टको अध्ययन गर्न अर्थमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयमा हाइड्रोजन इन्धन उत्पादनको संभाव्यताबारे छलफल गरिएको छ । अर्थमन्त्री जनादर्न शर्माको नेतृत्वमा काठमाडौं विश्व विद्यालय (केयू) अन्तर्गतको ग्रीन हाइड्रोजन ल्याबका पदाधिकारीसँग छलफल भएको हो ।

अर्थमन्त्री शर्माले शुरुवातमा एक सय मेगावाटको हाइड्रोन प्लान्टको गृहकार्य अघि बढाउनुपर्ने आवश्यकता रहेको बताएका छन् । विकसित देशहरू धमाधम हाइड्रोजन इन्धन उत्पादनमा केन्द्रित हुन थालेको प्रसङ निकाल्दै अर्थमन्त्री शर्माले तत्काल एक सय मेगाावाटको हाइड्रोजन प्लान्ट लगाउने बिषयमा आवश्यक अध्ययन र प्राविधिक सहयोग जुटाउने कार्यमा संलग्न हुन केयूका पदाधिकारीलाई निर्देशन दिए । उनले भने, 'हाइड्रोजन प्लान्ट लगाउने बिषयमा अर्थ मन्त्रालयको तर्फबाट पनि केही तयारी गर्छौं, तपाईहरू (केयूका पदाधिकारी) पनि तयारी गर्नुस् । र, हप्ता-दश भित्र पुनः अर्को बैठक बसौं ।'

अर्थमन्त्री शर्माले लगानीबोर्ड मार्फत लगानीकर्ताको खोजी गर्ने जानकारी गराउनुभएको थियो । रासायनिक मल कारखाना खोल्न विभिन्न देशका अन्तर्राष्ट्रिय कम्पनीहरूले इच्छा देखाइरहेको जानकारी गराउँदै हाइड्रोजन इन्धनबाट मल कारखाना सञ्चालन गर्ने बिषयमा छलफल अघि बढाउने बताए ।

ग्रीन हाइड्रोइजन ल्याबका प्रमुख बिराजसिंह थापाले १०० मेगावाटको ग्रीन हाइड्रोजन प्लान्ट डेढ बर्षमा तयार गर्नेगरी अन्तर्राष्ट्रिय कम्पनीहरूले प्रस्ताव गरिरहेको जानकारी गराए । उनले विभिन्न देशमा ग्रीन हाइड्रोजनको अभ्यास तथा पेट्रोलियमलाई विस्थापित गरी ग्रीन हाइड्रोजन अवलम्बन गर्ने नीतिका बारेमा जानकारी गराए । उनका अनुसार एक किलो हाइड्रोजन इन्धन उत्पादन गर्न नौ किलो शुद्ध पानी चाहिन्छ ।

विश्वको तुलनामा नेपालमा हाइड्रोजन इन्धन उत्पादन गर्न धेरै सस्तो भएको बताए । उतले भने,'हिमालयन देशको शुद्ध पानी हाइड्रोजन उत्पादनका लागि उपयुक्त हुने विभिन्न अध्ययनले देखाएको छ । त्यसैले नेपालको हिमाली तथा पहाडी क्षेत्रको पानी प्रयोग गरेर हाइड्रोजन उत्पादन गर्‍यौं भने धेरै फाइदा पुग्छ । निर्यातमा कोशेढुङ्गा साबित हुन सक्छ ।'

## 'मूल्यवृद्धिले निर्माण उद्योग बन्द हुने'

**काठमाडौं (प्रस)–** सरकराले पछिल्लो समयमा इन्धनमा गरिएको भारी मूल्यवृद्धिका कारण सम्पूर्ण निर्माण उद्योग बन्द हुने अबस्थामा पुगेको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ । महासंघले देशको आर्थिक सुचक सवै नकारात्मक भएको अबस्थमा सरकारले विना अनुन्धान मुल्यबृद्धि गरिदा त्यसको असर सामग्रीहरूमा समेत अत्याधिक मूल्यवृद्धि भई निर्माण उद्योग नै ठप्प हुन लागेको महासंघले दाबी गरेको छ । पछिल्लो पटक पेट्रोलमा एकैपटक प्रति लिटर २१ रूपैयाँ र डिजेल तथा मट्टितेलमा २७ रूपैयाँको वृद्धिले अत्यन्त रुग्ण अवस्थामा रहेको निर्माण उद्योग थप आक्रान्त भएको महासंघका अध्यक्ष रबी सिहले बताएका छन् ।

विगत केही महिनाको आँकडा अनुसार इन्धनमा शतप्रतिशत मूल्यवृद्धि भएका कारण मुलुकभर सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू एवं अति जरुरीका निर्माण परियोजनाहरू पनि अब बन्द हुने स्थिति उत्पन्न भएको उनले ठहर गरेका छन् । निरन्तर मुल्यवृद्धि भइरहेपनि सरकारले निर्माण व्यवसायीहरूलाई कुनै राहत दिन नसकेबाट समग्र निर्माण उद्योगको विकास प्रति नै सरकारको उदासीनता पुष्टि भएको महासंघले जनाएको छ । महासंघका अनुसार अप्रत्याशित रूपमा निरन्तर भइरहेको मूल्यवृद्धिका कारण घर जमीन तथा अन्य जायजेथा धितोमा राखेर निर्माण व्यवसायमा संलग्न देशभरका हजारौं निर्माण व्यवसायीहरू, तिनका परिवार र तिनमा आश्रित लाखौं श्रमिकहरूको बिचल्ली हुने निश्चित छ ।

पेट्रोलियम पदार्थमा लिइने कर कटौती नगरी तथा चुहावटको समस्या समाधान नगरेर केवल अन्तर्राष्ट्रिय मूल्यलाई देखाउँदै एकोहोरो रूपमा निर्माण व्यवसायी सहित तमाम उपभोक्ताको ढाड सेकिने गरी भइरहेको मूल्यवृद्धिले देशको समग्र विकासमा अत्यन्त नकरात्मक असर पर्ने महासंघको ठहर छ ।

# नेप्सेको पहिरो थामियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अंकले उकालो लागेको छ । लगातार ओरालो लागेको नेप्से परिसूचक उकालो लाग्दा खडेरीमा पानी परे जस्तै भएको लगानीकर्ताको टिप्पणी छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार ३९.९३ अंकले उकालो लागेर एक हजार ९२४.७४ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक ८.९० अंकले उकालो लागेर ३७५.०९ मा पुगेको छ ।




कूल २३१ कम्पनीको ३७ लाख ६५ हजार ५१६ कित्ता सेयर रु एक अर्ब २५ करोड ३७ लाख ५७ हजार ७१५ बराबरको कारोबार भयो । कारोबार भएका १३ उपसमूहकै सेयर मूल्यमा वृद्धि भएको छ । बैंकिङ १७.१४, व्यापार ४२.०३, होटल तथा पर्यटन ५०.५७, विकास बैंक ११५.७७, जलविद्युत् ६१.८१, वित्त ४८.९८, निर्जीवन बीमा १५४, उत्पादन ९१.८४, अन्य ३८.२७, लघुवित्त ९१.८८, जीवन बीमा २०३.१८, सामूहिक लगानी कोष ०.१४ र लगानी १.८५ अंकले उकालो लागेका छन् ।

नेप्सेका अनुसार आँधीखोला लघुवित्त, सिवाइसी नेपाल लघुवित्त, सप्तकोशी डेभलपमेन्ट बैंकको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सामुदायिक लघुवित्त ८.९८ र रिभर फल्स पावरका लगानीकर्ताले ८.८८ प्रतिशतले कमाए । नबिल ब्यालेन्सफ फण्ड २.९३, तेह्रथुम पावर कम्पनी २.८७, एनआइसी एशिया ब्यालेन्स फण्ड २.५९, लक्ष्मी इक्विटी फण्ड २.५० र एनएमबी-५० का लगानीकर्ताले २.०४ प्रतिशतले गुमाए ।

# कर बुझाउन विभागको १५ दिने अल्टिमेटम

**काठमाडौं (प्रस)–** लामो समयदेखि विभिन्न व्यवसाय सञ्चालन गरेर राज्यलाई तिर्नु पर्ने कर नबुझाई अटेर गरि बस्ने व्यापारिक फर्म तथा कम्पनीका सञ्चालकहरूलाई कर बुझाउन भन्दै अन्तरिक राजश्व विभागले सूचना जारी गरेको छ । विभाग अन्तरगतको ठूला करदाता कार्यालयले राज्यलाई कर नतिरेका विभिन्न १९ फर्म तथा कम्पनीका नाममा सूचना जारी गर्दै १५ लिनभित्र कर चुक्ता गर्नुगराउनु भन्दै अल्टिमेटम समेत दिएको छ ।

ठूला करदाता कार्यालयमा दर्ता रहेका करदाताहरूले लामो समयदेखि बुझाउनु पर्ने मुल्य अभिवृद्धि कर (भ्याट) तथा आयकर नबुझाएकोले सुचना जारी भएको मितिले १५ दिनभित्र तिर्नु तिराउनुभन्दै चेतावनी समेत दिएको छ । उक्त अवधिभित्र वक्यौता रकम दाखिला नगर्ने करदाताहरूलाई मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ तथा आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्मको प्रक्रियाहरू अपनाई व्यावसायिक कारोबार रोक्का, बैंक खाता रोक्का र घरजग्गा रोक्का लगायतका आवश्यक कानुनी कारवाही गरी वक्यौता असुली गरिने चेतावनी समेत विभागले दिएको छ ।

## कर्पोरेट

### कामना बैंकको आठ शाखाका शौचालयलाई सार्वजनिक बनाइने





**काठमाडौं (प्रस)–** कामना सेवा विकास बैंकले काठमाडौं महानगरपालिकाभित्र रहेका शाखाहरूमध्ये आठवटा शाखा कार्यालयहरूका शौचालयलाई सार्वजनिक शौचालयको रूपमा प्रयोग गर्न दिने गरी काठमाडौं महानगरपालिकासँग सम्झौता गरेको छ । सार्वजनिक शौचालयको पहुँच जनस्तरसम्म पुऱ्याउन गरेको काठमाडौं मह( ानगरको आह्वान अनुरूप बैंकले आफ्नो एक्यबद्धता जनाएको बताएको छ । बैंकले सार्वजनिक प्रयोगका लागि सञ्चालनमा ल्याउने सार्वजनिक शौचालयको सरसफाई र आवश्यक सामानहरूको व्यवस्था सामाजिक उत्तरदायित्व अन्तर्गत स्वयंले गर्ने समेत जनाएको छ ।

### सर्वसाधारणका लागि हिमालयन हाइड्रोको आइपिओ आउँदै

**काठमाडौं (प्रस)–** हिमालयन हाइड्रोपावर लिमिटेडले सर्वसाधारणका लागि साधारण सेयर निष्कासन तथा बिक्री खुला गर्ने भएको छ । कम्पनीले यही असार १५ गतेदेखि प्राथमिक सार्वजनिक निष्कासनको बिक्री खुला गर्न लागेको हो ।

कम्पनीले प्रतिसेयर रु १०० अंकित मूल्यका दरले नौ लाख कित्ता आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्कासन गरेकामा दुई लाख ८१ हजार ७५० कित्ता मात्र बाँडफाँट भएको र बाँकी छ लाख १८ हजार २५० कित्तासहित कूल १९ लाख ६८ हजार २५० कित्ता साधारण सेयर निष्कासन गर्न लागेको सार्वजनिक आह्वान पत्रमा उल्लेख छ ।




कम्पनीले निष्कासन गर्ने कूल सेयरमध्ये ३९ हजार ३६५ कित्ता कर्मचारीहरू र ९८ हजार ४१३ कित्ता सामूहिक लगानी कोषलाई बाँडफाँट गरेको छ । त्यसमा बाँकी रहेको १८ लाख ३० हजार ४७२ कित्ता सेयरमा सर्वसाधारणले असार १९ सम्म आवेदन दिन पाउने तथा निष्कासनबमोजिम माग नआए ढिलोमा असार २९ गतेसम्म कम्पनीको आइपिओ बिक्री खुला रहने छ । लगानीकर्ताले न्यूनतम १० कित्ता र अधिकतममा एक हजार कित्ताका सेयर खरिदका लागि आवेदन दिनुपर्नेछ ।

आइपिओमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सी-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयबाट आवेदन दिन सकिनेछ । यसका साथै मेरो सेयर एप तथा वेबसाइटबाट पनि आवेदन दिन सकिनेछ । कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेको छ । कम्पनीले कास्कीको मादी गाउँपालिकामा रहेको मादी नदीको बहाव प्रयोग गरेर ११.८८ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरेको छ । कम्पनीलाई इक्रा नेपालले 'इक्राएनपी- आइआर बी प्लस' ग्रेडिङ प्रदान गरेको छ ।

# आन्तरिक उडान ठप्प

**काठमाडौं (प्रस)–** उपत्यकाबाहिर बेस भएका हवाई जहाज र हेलिकप्टरलाई काठमाडौंबाट उडान गर्न रोकेपछि वायुसेवा सञ्चालकले आज (बुधबार)देखि आन्तरिक उडान ठप्प पार्ने निर्णय गरेका छन् ।

पूर्वतयारीविना नै नेपाल नागरिक उड्डयन प्राधिकरणले धमाधम उडान रोक्न थालेपछि संघको आकस्मिक बैठकले यो निर्णय गरेको जनाएको छ । संघले पत्रकार सम्मेलन गर्दै पाँच बुँदे माग पूरा नभए बुधबारदेखि उडान स्थगित गर्ने जानकारी दिएको हो । संघका अध्यक्ष रामेश्वर थापाले सरकारको गलत निर्णयका कारण बाध्य भएर उडान स्थगितको निर्णय भएको बताए । उनले भने,' बन्द गर्ने हाम्रो चाहना होइन। सरकारको निर्णयले गर्दा हामी वाध्य भएका हौं ।

छ बुँदे माग पूरा नभए अनिश्चितकालका समयका लागि बन्द हुनेछ। टिकट काटिसकेका यात्रुलाई सम्बन्धित वायुसेवा कम्पनीले रिफन्ड गर्नेछ ।' संघले ल्यान्डिङ, नेभिगेसन लगायतका शुल्क वृद्धि फिर्ता लिनुपर्ने, हेलिकप्टर सञ्चालनका लागि दीर्घकालिन रूपमा हेलिप्याड उपलब्ध गराउनुपर्ने/ मर्मत सम्भारका लागि ह्यागर लगायतका भौतिक पूर्वाधारका लागि स्थान दिनुपर्ने, वेस पूर्ववत अवस्था कार्यान्वयनमा ल्याएर सेवा सञ्चालन गर्न पाउनुपर्ने, कालोसूचीबाट हटाउन पहल गर्नुपर्ने र त्रिभुवन अन्तर िष्ट्रिय विमानस्थलबाट स्वीकृति लिएर विभिन्न कम्पनीले हवाई सेवा सञ्चालनका लागि बनाएका संरचनालाई यथावत रूपमा प्रयोग गर्न दिनुपर्ने माग राखेको छ ।

प्राधिकरणले काठमाडौं बेस नरहेका हेलिकप्टरको उडानमा रोक लगाएको छ । हेलि एभरेष्ट, मनाङ, माउन्टेन, कैलाश, अल्टिच्युड, मुस्ताङलगायत काठमाडौं बेस पाएका ६ वटा कम्पनी बाहेकलाई काठमाडौंबाट उडान गर्न रोक लगाइएको छ । मंगलबार रामेछापमा बिरामी उद्धार गर्न जान लागेको सिम्रिकको हेलिकप्टरलाई उडान गर्न रोक लगाइएको थियो ।

प्रभु हेलिकप्टरको उडान रोकिएको छ । प्रभु हेलिकप्टरले स्थापनाकालदेखि नै पोखरा बेस रहेर आफ्नो सेवा दिँदै आएको छ । सिम्रिक एयरको पाँचैवटा जहाजले नेपालगञ्ज बेस रहेर उडान गर्ने इजाजत छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ